- वीमा निति तथा कार्यविधि
- धितो मूल्यांकन नीति
- कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी
- कोष ब्यवस्थापन वा सञ्चालन नीति तथा कार्यविधि
- लघुबित्त कर्जा कार्यविधि
- सदस्यता कार्यबिधि
- निर्वाचन नियमावली
- सदस्य सुरक्षा कोष नीति
- जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यन्वयन नीति
- मोवाईल बैंकिङ्ग नीति तथा कार्यविधि

संस्थाले प्राप्त गरेका सम्मान तथा पुरस्कार

राष्ट्रिय सहकारी बैंक लि.को २१ औं स्थापना दिवसको अवसरमा बागमती प्रदेश अर्न्तगत शाखा स्तरीय चापागाउँ शाखाबाट उत्कृष्ट संस्था घोषणा गरि मिति २०८०/०४/१९ गते सम्मानित गरिएको छ ।

आर्थिक वर्ष २०८१।८२ मा सम्पन्न कार्यक्रम

क्र.सं.	कार्यक्रम	सम्पन्न मिति	सहभागी संख्या	स्थान
१	३२ औं स्थापना दिवस	२०८२/०४/३१	१५०	फूलवारी पार्टी प्यालेस झरुवारासी
२	३२ वार्षिक साधारणसभा	२०८२/०७/२९	६५०	फूलवारी पार्टी प्यालेस झरुवारासी
३	सदस्य सामाग्री प्रर्दशन, रगत जाँच, प्रसर जाँच	२०८२/०७/२९	५५०	फूलवारी पार्टी प्यालेस झरुवारासी
४	सहकारी शिक्षा कार्यक्रम- शेयर सदस्य	दुई पटक		संस्थाको बैठक हल

यस संस्था विभिन्न समयमा विभिन्न संस्थाहरूको कार्यक्रम सहभागिको विवरण

क्र.सं	आयोजक	शिर्षक	प्रतिनिधि
१	ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि	३१ औं वार्षिक साधारणसभा	अध्यक्ष
२	राष्ट्रिय सहकारी बैंक लि.	ऐन संशोधन सुझाव संकलन लघु गोष्ठी	व्यवस्थापक
३	राष्ट्रिय सहकारी बैंक लि.	२२ औं वार्षिक साधारणसभा	व्यवस्थापक
४	राष्ट्रिय सहकारी बैंक लि.	निर्वाचन कार्यक्रम	व्यवस्थापक

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

ज्योतिदय बचत खाता योजना

यस ज्योतिदय बचत तथा ऋण सहकारी संस्थाबाट सम्पूर्ण शेयर सदस्यहरूलाई लक्षित गरि भविष्यमा आर्थिक, सामाजिक र साँस्कृतिक रूपमा सक्षम बनाउनका लागि अनिवार्य मासिक बचत योजना कार्यक्रम सञ्चालन गरिएकोछ ।

- यस खाताको नाम ज्योतिदय बचत खाता हो ।
- मासिक ५००।-, १,०००।- र २,०००।- बचत गर्नु पर्नेछ ।
- यस खातामा त्रैमासिक (३/३ महिनामा) न्यूनतम बचतमा ११% ब्याज प्रदान गर्नेछ ।
- २५ वर्ष सम्ममा सदस्यहरूबाट बचत हुने रकमः
  - रू. ५००।- बचत गर्ने बाट १,५०,०००।-
  - रू. १,००० ।- बचत गर्ने बाट ३,००,०००।-
  - रू. २,०००।- बचत गर्ने बाट ६,००,०००।- जम्मा बचत हुनेछ ।
- २५ वर्ष पछि सदस्यहरूलाई फिर्ता हुने रकमः
  - रू. ५००।- बचत गर्ने सदस्यले रू. ६,४३,०००।-
  - रू. १,००० ।- बचत गर्ने सदस्यले रू. १२,८६,००० ।-
  - रू. २,०००।- बचत गर्ने सदस्यले रू. २५,७२,०००।- प्राप्त गर्नेछ ।
- यस बचत खाताको अवधि २५ वर्षको रहनेछ ।
- यस ज्योतिदय बचत खाता सञ्चालन गरेका सदस्य तथा सदस्यका परिवारमा कसैको दुर्घटनाबाट अपाङ्ग वा कालगतिबाट मृत्य भएमा र दैविक प्रकोप जस्तै बाढी पहिरो, आगलागी भएमा सदस्य तथा सदस्यका हकवाला परिवारलाई तल उल्लेखित अनुसार कोषबाट नगद सहयोग प्रदान गरिनेछ । "परिवार" भन्नाले यस संस्थाका सदस्यहरूको आफ्नै परिवार जस्तैः पुरूष सदस्यको हकमा आमा, बुबा, श्रीमती, छोरा, छोरी,धर्मपुत्र, धर्मपुत्री तथा महिला सदस्यको हकमा श्रीमान्, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, सासु, ससुरालाई सम्झनु पर्नेछ ।
- यो सुविधा लिनका लागि सदस्य सुरक्षा कोषमा अनिवार्य आवद्ध हुनु पर्नेछ ।
  - १ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १०,०००।-
  - २ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. ११,०००।-
  - ३ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १२,००० ।-
  - ४ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १३,००० ।-
  - ५ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १५,००० ।-
- ज्योतिदय बचतमा नियमित रूपमा बचत नगर्ने सदस्यलाई र सदस्य सुरक्षा कोषमा आवद्ध नभएका सदस्यलाई संस्थाबाट सहयोग हुने छैन । तर केहि कारण ज्योतिदय बचत खातामा बचत ३ महिनासम्म पनि बचत नगरेको अवस्थामा त्यस सदस्यहरूलाई साधारण शेयर सदस्य सरह सदस्य सुरक्षा कोषबाट नगद सहयोग हुनेछ ।
- यो खाता सञ्चालकको खाता समयावधि अगावै मृत्य भएमा बचत रकम सदस्यको हकवाला परिवारलाई हस्तान्तरण गरिनेछ ।

विशेष बचत खाता



- रू. ५,०००।- मा खाता खोल्न सकिनेछ ।
- रू. ५,०००।- अनिवार्य मासिक बचत गर्नुपर्छ ।
- यस बचत खाताको अवधि ५ वर्षको हुनेछ ।
- न्यूनतम मौज्दातमा व्याज ११% प्रदान गरि ३/३ महिनामा पूँजीकरण गरिनेछ ।
- ब्याज समय अनुसार परिवर्तन हुनेछ ।
- यस खाताका नियमित बचत गर्ने सदस्यहरू स्वास्थ्य बीमामा सहभागिता हुन पाउनेछ ।
- संरक्षित पूँजी कोषमा सहभागी हुन पाउने ।



पेन्सन बचत खाता

- रू. २,०००।- मा खाता खोल्न सकिने छ ।
- रू. २,०००।- अनिवार्य मासिक बचत गर्नुपर्छ ।
- यस बचत खाताको अवधि १५ वर्षको हुनेछ ।
- व्याज ११% प्रदान गरि ३, ३ महिनामा पूँजीकरण गरिनेछ ।
- व्याज समय अनुसार परिवर्तन हुनेछ ।
- यस खाताका नियमित बचत गर्ने सदस्यहरू स्वास्थ्य बीमामा सहभागिता हुन पाउनेछ ।
- संरक्षित पूँजी कोषमा सहभागी हुन पाउने ।

रजत विशेष बचत

- शुन्य मौज्दातमा खाता खोल्न सकिनेछ ।
- दैनिक मौज्दातमा ब्याज ६.२५% व्याज प्रदान गरि ३, ३ महिनामा व्याज पूँजीकरण गरिनेछ ।
- न्यूनतम मौज्दात रू. ५००।- बाँकी गरि रकम झिक्न सकिनेछ ।
- व्याज समय अनुसार परिवर्तन हुनेछ ।

नियमित बचत

- रू. १,०००।- मा खाता खोल्न सकिने छ ।
- रू. १,०००।- अनिवार्य मासिक बचत गर्नुपर्छ ।
- यस बचत खाताको अवधि १० वर्षको हुनेछ ।
- व्याज ५% प्रदान गरि ३, ३ महिनामा पूँजीकरण गरिनेछ ।
- व्याज समय अनुसार परिवर्तन हुनेछ ।
- यस खाताका नियमित बचत गर्ने सदस्यहरू स्वास्थ्य बीमामा सहभागिता हुन पाउनेछ ।
- संरक्षित पूँजी कोषमा सहभागी हुन पाउने ।

नोटः बचत खाता अनुसार सर्तहरू लागू हुनेछ ।

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.को बचत तथा कर्जा ब्याज दर


बचत तर्फ

क्र.सं.	विवरण	ब्याजदर
१	दैनिक बचत	२%
२	बाल बचत	८-११%
३	आवधिक बचत	५% (१ वर्ष)
४	जेष्ठ नागरिक बचत	३%
५	रजत विषेश बचत	२% दैनिक मौज्दात
६	ज्योतिदय बचत	११%
७	महिला समुह	२%
८	नियमित बचत	३%
९	विशेष बचत	४%
१०	पेन्सन बचत	४%

कर्जा तर्फ

क्र.सं.	विवरण	ब्याजदर
१	व्यापारीक कर्जा	१२%-१३%
२	लघु कर्जा	१२%
३	सदस्य जमानी कर्जा	१२%-१३%
४	आवधिक रसिद धितो कर्जा	१२%-१३%
५	कृषि कर्जा	१२%-१३%
६	शैक्षिक कर्जा	१२%-१३%
७	घर निमार्ण कर्जा	१२%-१३%
८	घरायसी कर्जा	१२%-१३%
९	सामुहिक जमानी कर्जा	१२%-१३%
नोट : महिला समुहमा कुनै सेवा शुल्क लाग्ने छैन ।		

मासिक अनिवार्य बचत किन गर्ने ?



दिर्घकालिन आर्थिक लक्ष्यहरू पुरा गर्न तथा भविष्यमा आर्थिक सुरक्षा प्रदान गर्ने तथा बचत गर्ने बानीको बिकास गर्ने हेतुका साथ यस संस्थाबाट संचालन गरि एका विभिन्न मासिक बचत गर्न सकिन्छ । नियमित बचत गर्ने बानीले सदस्यहरूमा अनावश्यक खर्च कम गरी बचत गर्ने बानीको बिकास हुनुका साथै भविष्यमा आर्थिक सुरक्षा प्रदान गर्दछ र साथै संस्थाबाट प्रदान गर्ने विभिन्न सेवा सुविधा प्राप्त गर्न

बचत तथा ऋण सहकारी संस्थामा सदस्यहरूको कर्तव्य

- समयमा नियमित बचत बुझाउने
- आफुलाई आवश्यक ऋण संस्थाबाट लिने
- समयमा ऋणको साँवा ब्याज बुझाउने
- संस्थाको साधारणसभामा र अन्य विभिन्न कार्यक्रममा सहभागी हुने
- संस्थाको निर्वाचनमा स्वच्छ भावनाले सहभागी हुने
- संस्थाबाट उपलब्ध गराईएका सेवाहरू उपभोग गर्ने
- संस्थाको उद्देश्यबारे जानकारी दिने
- सहकारी सिद्धान्त, मूल्य, मान्यताको जानकारी लिने
- सहकारी उन्नतितिर गएको छ वा छैन भन्नेवारे ध्यान दिने
- संस्थाका खराब आचरण भएकालाई सुधार गर्न इमान्दारीपूर्वक प्रयास गर्ने
- आफ्नो सहकारी संस्थाको राम्रो पक्षको प्रचार प्रसार गर्ने
- संस्थामा देखिएका समस्याको समाधान गर्न सक्रिय सहयोग गर्ने
- संस्थाको बारे फैलिएका भ्रम निवारणको लागि प्रतिवाद तथा निवारण गर्न पहल गर्ने
- समय समयमा संस्थाले तोकिएका अन्य कुराहरूको पालना गर्ने

कस्तो सहकारी कारोवार नगर्ने

- बचतमा अपत्यारिलो ब्याज दिने
- नियमित लेखा परीक्षण र साधारणसभा नगर्ने
- संस्थाको प्रगति प्रतिवेदनहरू प्रकाशित नगर्ने
- सदस्य नबनाई बचत संकलन गर्ने
- संस्थाको श्रोत साधन र सम्पत्तिको दुरुपयोग गर्ने
- संस्था विकासमा ध्यान नदिने
- ब्यक्तिगत वा पारिवारिक ब्यवसाय जस्तै मनपरी कारोवार गर्ने
- जगेडा कोष र अन्य कोष कम भएको
- स्थानीय संचालक कम भएको
- सहकारी ऐन, नीति नियम, सिद्धान्त तथा मूल्य, मान्यताको पालन नगर्ने

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

संस्थाको स्थापनाकालदेखि वर्तमान समयसम्मको कारोवारका झलकहरू

आ.व.	शेयर पूँजी	बचत	ऋण	कुल सम्पत्ति
२०५३/५४	१०,१००।००	८,५५,८४१।०५	४७,०००।००	१,२१,४१८।८०
२०५४/५५	९,८००।००	१,१७,०९७।७०	१,०१,५००।००	१,५४,४२०।००
२०५७/५८	१२,९००।००	३,३६,०४८।९४	२,९६,०००।००	४,५८,३११।२१
२०५८/५९	१३,३००।००	४,०७,८७४।००	३,६७,४५०।००	५,४१,१०९।५८
२०६०/६१	१३,७००।००	६,७१,५४७।००	८,७१,२३२।००	१०,६४,०१४।००
२०६१/६२	१३,८००।००	८,९२,६४३।००	८,७१,२३२।००	१०,६४,०१४।००
२०६२/६३	१७,७००।००	१२,६३,२९६।९४	११,०८,१०७।००	१४,६८,१४०।००
२०६३/६४	२६,२००।००	१६,९७,९२३।००	१४,८५,१०३।००	१९,४४,४१८।७०
२०६४/६५	४७,३००।००	१९,६४,५९१।००	१७,५५,७०१।००	२३,३१,३४७।२८
२०६५/६६	१,०७,८००।००	२६,६७,५८०।००	१४,०७,०३१।००	३१,१६,९५२।४३
२०६६/६७	२,१८,१००।००	४२,००,६६९।००	३२,२७,८६७।००	४९,४३,०८९।०७
२०६७/६८	३,४०,१००।००	३९,९०,९६०।००	३६,०६,६०९।००	५०,१६,५३२।५८
२०६८/६९	६,५९,६००।००	४२,२०,२९३।००	३४,४७,२४५।००	५४,३४,५२६।६०
२०६९/७०	१३,०१,९००।००	६०,३८,१७३।९१	७६,६०,२०३।००	१,०४,१०,६०७।५०
२०७०/७१	१९,२१,१००।००	१,०३,११,४६२।४१	१,३३,२४,९४७।६५	१,६७,०२,०२४।७६
२०७१/७२	४०,००,०००।००	१,५०,५०,८०७।४१	२,४४,३८,१९२।६५	२,७३,९०,६७०।३८
२०७२/७३	७२,८८,९००।००	२,५२,६८,६५०।४१	३,२६,४३,५५४।५०	४,३५,४६,६६०।८४
२०७३/७४	१,१७,१९,४००।००	५,६३,२७,३८९।००	५,५८,४१,३१३।००	८,६३,४८,६७८।४५
२०७४/७५	१,३१,५६,८००।००	७,४६,००,१७७।५१	८,४८,२९,५७०।००	११,१३,२१,५२०।९७
२०७५/७६	१,३७,०७,०००।००	६,९५,७२,७३५।६०	८,६४,५५,१९५।००	१०,५१,९०,३४६।१३
२०७६/७७	१,३७,५७,४००।००	७,३१,१९,६१३।६०	९,१३,०१,६८४।००	१२,४८,३८,२०८।०६
२०७७/७८	१,४०,०२,०००।००	९,८९,६३,२१२।५४	१०,९६,२९,४३४।००	१५,८७,०९,२३३।५५
२०७८/७९	१,५५,७०,०००।००	१२,४१,५४,७०८।५३	१४,१२,७१,८६७।००	१७,९२,०३,८४५।५३
२०७९/८०	१,५७,७२,७००।००	१३,८०,३१,९६६।६४	१४,६६,४२,९१५।००	१७,८४,९१,२९०।७६
२०८०/८१	१,५८,४४,३००।००	१५,८८,७२,२५१।९०	१४,८१,३६,६६४।००	१८,४९,५२,६८६।५०
२०८१/८२	१,५४,८८,०००।००	१९,२०,७८,६२८।६८	१५,८४,८८,७९८।००	२१,७३,४०,९३७।५०
२०८२/८३	१,५७,१२,६००।००	२०,५९,२२,४५६।००	१८,६४,५६,५०१।००	२३,४९,१९,६८७।००

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

गोदावरी–११, चापागाउँ, ललितपुर

३३ औं बार्षिक साधारणसभामा कार्यसमितिको तर्फबाट अध्यक्ष गोकुल देशारबाट प्रस्तुत आर्थिक प्रतिवेदन–२०८३

यस ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३३ औँ वार्षिक साधारणसभामा पाल्नुभएका अतिथिज्यूहरू, शेयर सदस्य महानुभावहरू, कार्यसमिति, लेखा समिति, ऋण उप–कमिटी एवं कर्मचारी वर्ग लगायत उपस्थित सबै सदस्यहरूमा हार्दिक नमस्कार तथा स्वागत गर्दछौं ।

सर्वप्रथम गत भाद्र १० गतेको विनाशकारी रसुवा बाढीले पुऱ्याएको जनधनको क्षति प्रति दुःख व्यक्त गर्दै मृतक प्रति हार्दिक संवेदना प्रकट गर्दछौं । आज ३३ औं वार्षिक साधारणसभासम्म आइपुग्दै गर्दा सहकारीको हरेक नीति नियम तथा ऐनमा धेरै परिवर्तनहरू भइरहेको छ । विगतमा सहकारीको नीति नियमलाई व्यवस्था गरी सञ्चालन तथा सम्बन्धित निकायले समयमा नै सचेत गर्न नसकेकोले सहकारी जगत नै बदनाम र बचत कर्ताको बचत रकम फिर्ता गर्न नसकिएकोले ल्याएको परिणामले अर्थतन्त्रमा परेको असरले आर्थिक क्षेत्र सुस्ताएको र केही सहकारीबाट आफ्नो मनपरि ढंगले कर्जाको ब्याजदर र हर्जनाले पीडित वर्गलाई परेको आर्थिक संकट र व्यवसायमा सिर्जना गरेको समस्याले व्यवसायीलाई उठ्नै नसकिने अवस्थामा पुऱ्याएको धेरै घटनाहरू देखापरेको छ ।

विगत केही वर्षदेखि देखापरेको आर्थिक सुस्तता व्यवसायमा देखापरेको व्यापारिक घाटा र जुनसुकै व्यवसायमा पनि न्यून मात्रामा मात्र व्यापार तथा लाभदर अत्यन्त न्यून हुँदै गर्दा व्यवसायीलाई उकास्ने भन्दा हालको अवस्थामा कसरी आफू टिक्न सक्छ भन्ने हेतुले काम गर्नुपर्ने अवस्था भएको छ । थप लगानी गर्दा व्यापारमा घाटा वृद्धिको अवस्था र आशावादी पनि हुन नसकेको अवस्थामा वित्तीय क्षेत्रमा लगानी योग्य रकममा व्यापक वृद्धि हुँदै गइरहेको छ । यसले गर्दा सहकारी क्षेत्रमा बचतकर्ताको लागि दिँदै आएको ब्याजमा निकै कम दर कायम गर्नुपर्ने अवस्था आएको छ । यसले थप समस्या, बचत रकमको ब्याज आम्दानीमा गुजारा गर्ने व्यक्तिहरूलाई पनि ठूलो समस्या र दैनिक जीवनयापनमा खर्चको दायरा कम हुँदै गएको अवस्था छ । समग्रमा भन्नुपर्दा सहकारीबाट न त लगानी गर्न सकिएको छ न त ब्याजको गुजारा गर्नेलाई उचित ब्याज नै दिन सकिरहेको छ । लगानी हुन नसकिने अवस्थामा संस्थामा बचत रकमका लागि ब्याजदर झन् झन् घटाउँदै जानुपर्ने अवस्था भएको छ ।

हाम्रा नियमित सञ्चालनमा रहेका कार्यक्रमहरू :

१) **सदस्य सुरक्षा कोष**: यस कार्यक्रम अन्तर्गत सदस्यहरूको अत्यन्त दुःखद घडीमा क्रिया खर्च दीर्घ रोगीलाई आर्थिक सहयोग, शारीरिक अशक्त, एकल महिलालाई पनि आर्थिक सहयोग कार्य भइरहेको छ ।

२) **स्वास्थ्य सेवामा सुविधा**: दैनिक एवं स्वास्थ्य उपचारमा उपयोग गर्नु पनि औषधि र प्याथालोजी जाँचमा केही सहुलियत होस् भने निकट क्लिनिकसँग सम्झौता गरी विशेष छुटको व्यवस्था गरेको छ ।

३) **बीमा कार्यक्रम**: स्वास्थ्य तथा दुर्घटना बीमा कार्यक्रमबाट धेरैभन्दा धेरैलाई सहज ढङ्गबाट बीमा भुक्तानी कार्य निरन्तर रुपमा भइरहेको छ ।

४) **अनलाइन बैंकिङ सुविधा**: समय संगैको अधिकतम प्रयोगका लागि हरेक कारोबार मोबाइल बैंकिङ मार्फत गर्न सकिने सुविधालाई गुणस्तर एवं थप सेवाहरू उपलब्ध गरी सञ्चालन भइरहेको छ जस अन्तर्गत हरेक कारोबारका लागि सहज भइरहेको छ ।

५) **महिला लघुवित्त कार्यक्रम**: सञ्चालनको अवस्थादेखि नै महिलाहरू उल्लेख्य सहभागीमा सञ्चालन भएको यस सहकारीमा महिलाहरूलाई प्रत्यक्ष व्यवसाय र आर्थिक क्रियाकलापमा संलग्न हुन सहजहोस् भनी महिला समूह अन्तर्गत लघुवित्त कार्यक्रम सञ्चालन भइरहेको र यस अन्तर्गत लगानीमा उद्यमी महिलाहरूलाई थप सुविधा सहितको कर्जाको व्यवस्था गरेको छ ।

६) **शैक्षिक योगदान कार्यक्रम**: यस अन्तर्गत छात्रवृत्ति कोषको व्यवस्था भइसकेको र संस्थामा आबद्ध सदस्यका छोराछोरीहरूलाई केही हदसम्म शिक्षामा योगदान पुऱ्याउन सकिने हेतुले छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने र उत्कृष्ट एसइइ उत्तीर्ण विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गर्ने ।

७) **अन्य कार्यक्रमहरू**: विभिन्न समयमा हुने सामाजिक कार्य स्वास्थ्य शिविर सहकारी शिक्षा कार्यक्रम जेष्ठ नागरिक कार्यक्रम एवं उद्यमशीलताका लागि विभिन्न तालिमको कार्यक्रम कार्य सक्षमतामा दखल हुनका लागि आवश्यक तालिमको व्यवस्था निरन्तर भइरहनेछ ।

सहकारी निर्देशन २०८३ असोज १ गतेदेखि लागू हुने गरी भएको केही निर्देशन :

- हालको साविक ब्याजदर १६% तोकिएकोमा बढीमा १३% को सीमा तोकिएको छ ।
- सहकारी बचत र ऋण ब्याजदर बीचको अन्तर अधिकतम ६% भन्दा बढी हुन नहुने व्यवस्था गरिएको छ ।
- सहकारीको बचत तथा ऋण सो बचत तथा ऋण प्रवाहको ब्याजदरमा सञ्चालक समिति, व्यवस्थापक कमिटीका संयोजक र सदस्यता कर्मचारी लगायत सबैमा हुनुपर्ने र ब्याजमा कुनै किसिमको अन्तर गर्न पाइने छैन ।

- हालसम्म व्यवस्था नभएको संस्थाको कारोबारको सीमा हेरी सञ्चालक पदाधिकारीहरूमा पनि बौद्धिक योग्यता देखि कालो सूचीमा नपरेको, बैंकिङ तथा वित्तीय कसुर नपाएको सजाय भएको अवस्थामा भुक्तान गरेको कम्तिमा तीन वर्ष समय पुगिसकेको व्यक्ति मात्र सञ्चालक हुन सकिने व्यवस्था लागू गरेको छ ।

ज्योतिदय साकोस स्थापना समयदेखि नै सदस्य सेवा तथा सुविधामा मुख्य सहयोग गर्ने उद्देश्यले सञ्चालन हुँदै आइरहेको र भविष्यमा सेवा नै मुख्य लाभ लिई कार्य गर्नमा अग्रसर रहने प्रतिबद्धता गर्दछु । प्रत्येक वर्ष सदस्यहरूलाई हरेक सेवाको सुविधामा वृद्धि गर्दै सबै सदस्यहरूलाई सेवा सुविधामा संलग्न गर्दै जाने कार्यमा हरदम अग्रसर भइरहेको छ । यस सहकारीको कार्यालय संचालन खर्च देखि हरेक खर्चमा मितव्ययि तवरले अनावश्यक खर्चलाई अत्यन्त न्यून गर्दै लगेको र विभिन्न समयमा सबै सदस्यहरुले सहकारी शिक्षा मार्फत जानकारी तथा सचेतनाको कार्यक्रम संचालन भैरहेको जानकारी गर्दछौं । साथै समय समयमा हुने सहकारी निर्देशिकालाई पालना गरी पूर्ण रुपमा मिति र नियममा रहेर कारोबार गरिरहेको जानकारी गर्दछौं । साथै हालै मात्र भएका सहकारीका केहि निर्देशनको पनि जानकारी गर्न चाहन्छु ।

सदस्य महानुभावहरू,

अत्यन्त असहज परिस्थितिमा पनि आर्थिक क्षेत्रमा सदस्यहरूलाई निर्धक्क कारोबार गर्न बचत तथा कर्जाका लागि जुनसुकै अवस्थामा आवश्यक रकमको व्यवस्था गरी सञ्चालन भइरहेको छ । जनमानसमा यस सहकारीको छवि र सदस्यहरूलाई पुऱ्याएको सेवा र सुविधा तथा अत्यन्त न्यून ब्याजदरमा कर्जा प्रवाह गरी सञ्चालन भइरहेको जानकारी गर्दछौं । अतः आर्थिक कारोबारमा धेरै नै असहज परिस्थितिमा पनि ज्योतिदय साकोस तपाईंहरूको अभिन्न मित्र र सहयोगी साथी भएर सदैव सेवामा समर्पित हुनेमा हामी विश्वस्त छु । यस अवस्थामा पनि सबैको विश्वास र साथ रहिरहनेछ । सबै सदस्यको उत्तरोत्तर प्रगतिको कामना गर्दै ३३ औँ वार्षिक साधारणसभामा उपस्थित सबैप्रति कृतज्ञ छु । धन्यवाद ! जय सहकारी !

अध्यक्ष
गोकुल देशार
२०८३ असोज १७ गते शनिबार

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

गोदावरी–११, चापागाउँ, ललितपुर

३३ औं बार्षिक साधारणसभामा कोषाध्यक्ष अशोक देशारद्वारा प्रस्तुत

आर्थिक प्रतिवेदन–२०८३

यस संस्थाको ३३ औं वार्षिक साधारण सभाका सभापति श्री गोकुल देशार ज्यू, उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरू तथा अन्य महानुभावहरूमा, संस्थाको कोषाध्यक्षको तर्फबाट हार्दिक नमस्कार तथा स्वागत व्यक्त गर्न चाहन्छु ।

हामी आज यस ज्योतिदय सहकारी संस्था लि.को ३३ औं वार्षिक साधारण सभामा भेला भइरहँदा यहाँ उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई सर्वप्रथम हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । तपाईंहरूबाट प्राप्त निरन्तर साथ, सहयोग र विश्वासकै कारण आज हामी यस स्थानसम्म आइपुग्न सफल भएका छौं । यस संस्थाप्रति तपाईंहरूले देखाउनुभएको विश्वास र मायाका लागि हामी सम्पूर्ण शेयर सदस्यज्यूहरू प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछौं ।

विगत केही वर्षदेखि सहकारी क्षेत्रमा उत्पन्न भएका विभिन्न समस्या तथा चुनौतीका बाबजुद पनि तपाई शेयर सदस्यहरूले संस्थाप्रति देखाउनुभएको विश्वासको हामी उच्च कदर गर्दछौं । सहकारी क्षेत्रमा देखा परेका विभिन्न विकृति तथा समस्याहरूलाई समय–समयमा मूल्याङ्कन गर्दै, यहाँहरूबाट प्राप्त सुझाव तथा मार्गदर्शनलाई आत्मसात् गरी हामीले आफ्नो संस्थालाई आजको दिनसम्म मजबुत रूपमा अगाडि बढाउन सफल भएका छौं ।

आगामी दिनहरूमा पनि तपाईं सम्पूर्ण शेयर सदस्यज्यूहरूबाट निरन्तर रूपमा प्राप्त हुने सल्लाह, सुझाव, सहयोग तथा मार्गदर्शनको हामी अपेक्षा गर्दछौं ।

त्यसैगरी, संस्थाले समय–समयमा आयोजना गर्ने सहकारी शिक्षा तथा सचेतनामूलक कार्यक्रममा सक्रिय रूपमा सहभागी भई सहकारी क्षेत्रसँग सम्बन्धित नयाँ–नयाँ जानकारी तथा ज्ञान हासिल गर्न र त्यसलाई व्यवहारमा लागु गर्दै आफ्नो कारोबारलाई अझ व्यवस्थित, सुरक्षित तथा विश्वसनीय रूपमा अगाडि बढाउनसमेत सम्पूर्ण सदस्यज्यूहरूमा अनुरोध गर्दछु ।

सहकारी संस्थाको प्रमुख आम्दानीको स्रोत भनेकै संस्थाका सदस्यहरूलाई ऋण प्रवाह गरी प्राप्त हुने ब्याज आम्दानी हो । हाम्रो संस्थाले स्थापनाकालदेखि नै आफ्ना सदस्यहरूलाई यथासम्भव न्यून ब्याजदरमा ऋण लगानी गर्दै आइरहेको छ । साथै, सहकारीको नियामक निकायबाट जारी गरिएका नियम, निर्देशन तथा प्रचलित कानुनको अधीनमा रही संस्थाको कारोबार सञ्चालन गर्दै आएका छौं ।

सदस्यहरूलाई न्यून ब्याजदरमा ऋण उपलब्ध गराउँदै नियामक निकायका नियम तथा प्रावधानहरूको पालना गरी कारोबार सञ्चालन गर्दा संस्थाले आर्जन गर्ने नाफामा प्रत्यक्ष प्रभाव पर्ने गरेको छ । तथापि, हाम्रो संस्था स्थापनाकालदेखि नै नाफामुखी भन्दा पनि सेवामुखी उद्देश्यलाई प्राथमिकतामा राख्दै अगाडि बढिरहेको छ । आगामी दिनहरूमा पनि संस्थाका सदस्यहरूलाई थप सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउने हाम्रो निरन्तर प्रयास रहनेछ ।

अब, हरेक वर्षझैँ गत आर्थिक वर्ष २०८२/८३ को आर्थिक प्रतिवेदन यस प्रकार रहेको छ ।

आ.व. २०८२।८३ मा कुल सम्पत्ति गत वर्षमा भन्दा ८.१% का दरले बृद्धि भई जम्मा २३ करोड ४९ लाख १९ हजार ६ सय ८७ रुपैयाँ हुन पुगेको छ । कुल सम्पत्ति ८.१% बृद्धि अनुसार समग्रहमा बचत(निक्षेप), शेयर, कर्जा लगानीका सुचकहरू गत आ.व. भन्दा उल्लेखनीय बृद्धि भएको छ ।

शेयर :

गत आ.व. मा १ करोड ५४ लाख ८८ हजार भएकोमा यस आ.व. २०८२।८३ मा २ लाख २४ हजार ६ सयले बृद्धि भई जम्मा १ करोड ५७ लाख १२ हजार ६ सय हुन पुगेको छ ।

निक्षेप तर्फ :

गत आ.व. मा १९ करोड २० लाख ७८ हजार ६ सय २९ रुपैयाँ भएकोमा उक्त निक्षेपमा करिब ७.२% ले बृद्धि भई यस आ.व.२०८२।८३ मा २० करोड ५९ लाख २२ हजार ४ सय ५६ रुपैयाँ हुन पुगेको छ ।

कर्जा लगानी

गत आ.व. २०८२।८३ मा २ करोड ९७ लाख ६ हजार ७ रुपैयाँ ३ पैसा रकम विभिन्न कर्जा शीर्षकहरूमा लगानी भई जम्मा कर्जा लगानी १८ करोड ६४ लाख ६५ हजार ५ सय १ रुपैयाँ भएको छ । कर्जा लगानी कम हुन जादा नाफाको लक्ष्य हासिल गर्न नसकिएको छ यसबाट सम्पूर्ण कोषहरूमा असर पुगेको छ ।

तरलता तर्फ :

यस आ.व. २०८२।८३ मा तरलताको स्थिति वर्षको अन्तमा अर्थात २०८३ आषाढ मसान्तमा तरलता कुल निक्षेपको १९.६३% कायम रहेको छ ।

राजस्वमा योगदान :

यस आ.व. २०८२।८३ मा यस ज्योतिदय बचत तथा ऋण सहकारी संस्थाले ललितपुर २ लगनखेल राजस्व कार्यालयमा तल उल्लेख गरि अनुसार राजस्व दाखिला गरिएको छ ।

शीर्षक	रकम
बैठक	४२,३००।००
ब्याज कर	९,५१,४२६।७०
सामाजिक सुरक्षा कर	१७,८१४।६७
घरबहाल कर	२८,०५०।००
अन्य सेवा	१,४६२।५०
बैंक अग्रीम करकट्टी	५९,९३२।५४
जम्मा	११,०१,९८६।४१

कर्जा नोक्सान ब्यबस्था

यस आ.व. २०८२।८३ मा कर्जाको अवस्थालाई ध्यानमा राखि यस आ.व. मा थप १८ लाख ७२ हजार ८ सय ८८ रुपैयाँ ९८ पैसा गरि जम्मा रु. ३७ लाख ३६ हजार ६ सय ५५ रुपैयाँ ०१ पैसा मात्र ब्यवस्था गरिएको छ ।

स्थिर सम्पत्ति

यस आ.व. २०८२।८३ मा स्थिर सम्पत्तिमा १ लाख ६९ हजार ५ सय १८ रुपैयाँ ४३ पैसा ह्रास कट्टी गरि जम्मा ५३ लाख ३५ हजार २६ रुपैयाँ बाँकी रहेको छ ।

नाफा-नोक्सान

यस आ.व. २०८२।८३ मा १८ लाख ६३ हजार ७ सय ६७ रुपैयाँ कर्जा जोखिम कोषमा छुट्याएको हुँदा नाफा १३ लाख ९७ हजार ८ सय ७१ रुपैयाँ १२ पैसा यस संस्थाले नाफा आर्जन गरेको छ ।

अन्तमा लेखापरीक्षक श्री नारायण प्रसाद कोइराला ज्यूले तयार पार्नु भएको लेखापरीक्षण प्रतिवेदन पारित गर्नु हुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद ! जय सहकारी !

कोषाध्यक्ष
अशोक देशार
२०८३ असोज १७ गते शनिवार

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

PAN. 500138175

N.P. Koirala & Associates

एन.पि.कोईराला एण्ड एसोसिएट्स

Firm Reg No. 5139/Membership No. 1588/COP No. 808

स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

श्री शेयर सदस्य ज्युहरु
ज्योतिदय वचत तथा ऋण सहकारी संस्था लि.
गोदावरी नगरपालिका वडा नं: ११, ललितपुर

लेखपरिक्षकको कैफियत सहितको राय,

हामीले श्री ज्योतिदय वचत तथा ऋण सहकारी लि. को यसै साथ संलग्न २०८३ आषाढ ३२ मितिको वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय तथा व्यय हिसाबको विवरण, नगद प्रवाह विवरण , कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

रायको आधार शिर्षक अर्न्तगत समावेश भएका विषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकत्म जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०८२ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अत्य भएको आर्थिक वर्षको आय तथा व्यय हिसाबको विवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिबेदनमान (NFRS for SMEs) तथा प्रचलित कानूनका अधिनमा रही उचित चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधार
सहकारीको लेखापरीक्षणको क्रममा भेटिएका कैफियतहरु :

१. NFRS for SMEs अनुसार यस सहकारीले आफ्नो ब्याज आम्दानी प्रोदभावी आधारमा लेखांकन गर्नुपर्नेमा कतिपय कर्जाहरुमा सहकारी लेखापरीक्षण मापदण्ड २०७५ अनुसार नगद आधारमा लेखांकन गरेको छ । जसमा प्रोदभावी आधारमा हुने ब्याजलाई आयमा समावेश गरिएको छैन ।

२. यस सहकारीले सदस्यहरुलाई लगानी गरेको ऋण सम्पत्तिको अपेक्षित कर्जा नोक्सानी NFRS for SMEs अनुसार गरेको पाईएन तथापि राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड अनुसार गर्ने प्रयास गरेता पनि कर्जा नोक्सानी व्यवस्था अपर्याप्त देखियो साथै कर्जा नोक्सानी व्यवस्था गणना गर्दाको विधि उपयुक्त देखिएन ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS for SMEs) तथा प्रचलित कानूनका अधिनमा रही सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्टयाई गर्न प्रमाणको छडके परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । सहकारीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । नेपाल लेखापरीक्षण मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको "द ह्याण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स" (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड् बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

सहकारीको वित्तीय प्रतिवेदनको लेखा मापदण्ड अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई सहकारी विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, सहकारी निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी सहकारीको व्यवस्थापनमा रहेको छ ।

सहकारीको व्यवस्थापन समिति संस्थाको वित्तीय सम्प्रेषण प्रकियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजीवा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तृतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले सहकारीको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले सहकारी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत सहकारीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

अन्य कानुनी तथा नियमनकारी आवश्यकता अनुसारको प्रतिबेदन

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरण को आधारमा निम्नानुसारको थप प्रतिबेदन पेश गर्दछौं ।

१. हामीलाई लेखापरिक्षणको लागि आवश्यक सूचना तथा स्पष्टिकरणहरु यथाशिघ्र पायौं ।
२. प्रस्तुत विवरण संस्थाले राखेको हिसाब किताबहरु संग दुरुस्त छन् ।
३. संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठिक संग राखेको छ ।
४. हाम्रो लेखापरीक्षणको समयमा सहकारीको व्यवस्थापन समिति/ संचालक समितिका सदस्यहरु र कर्मचारीहरुले प्रचलित कानून विपरित हुने गरी लेखासम्बन्धी कुनै अनियमितता, जालसाजी, सम्पत्तिको हिनामिना, हानी वा नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।
५. हाम्रो लेखापरिक्षणको आधारमा संस्थाले
   - सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी लेखापरीक्षण निर्देशिका २०७५ को सिद्धान्त , मूल्य र मान्यता अनुरुप काम गरेको पायौं ।
   - आयकर ऐन २०५८ बमोजिम सहकारीले आयकर व्यवस्था गरेको .र आयकर ऐन २०५८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने अवस्थामा अग्रिम कर कट्टी गर्ने गरेको पायौं ।

मितिः २०८३/०६/११

ठेगानाः भक्तपुर

एन पि कोईराला एण्ड एसोसिएट्स

रजिष्टर्ड अडिटर्स

UDIN: 260927RA01588NAPvn

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

ज्योतिदय बचत तथा ऋण सहकारी लिमिटेड

गोदावरी नगरपालिका, ११ ललितपूर

वित्तीय स्थितिको विवरण

२०८३ असार मसान्तको

विवरण	टिप्पणी	३२ आषाढ २०८३	३२ आषाढ २०८२
सम्पत्ति			
नगद तथा नगद सरह	४.१	३,६७७,८०२	३,३९४,९१६.६३
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४.२	३६,७६६,०९८	४७,३२९,१४५.०६
लगानी सम्पत्ति	४.३	४,८६०,३७५	४,८६०,३७५.००
ऋण लगानि	४.४	१८६,४६५,५०१	१५८,४८८,७९८.००
चालु कर सम्पत्ति/(दायित्व)	४.५	३६३,३४४	३७२,५१२.२७
अन्य लगानि	४.६	१,६१२,५००	१,६१२,५००.००
पेश्की तथा प्राप्त योग्य खाता	४.७	६९५,७१४	७३८,२०३.०१
उठ्न बाँकी ब्याज		३,७०१	२,०३०.००
सम्पत्ति, प्लान्ट र उपकरण	४.८	२५९,७०५	२९६,८०५.३४
अमूर्त सम्पत्ति	४.९	२१४,९४६	२४५,६५३.६१
कुल सम्पत्ति		**२३४,९१९,६८७**	**२१७,३४०,९३९**
विवरण			
दायित्वहरु			
बचत तथा निक्षेप दायित्व	४.१०	२०५,९२२,४५६	१९२,०७८,६२९
भुक्तानी योग्य खाता	४.११	१९१,०९०	९६,५००
आयकर व्यवस्था	४.१२	१७३,०२१	६९,१८१
स्थगन कर	४.१३	१८,८५९	१६,१०४
कर्जा नोक्सानी व्यवस्था	४.४.१	३,७३६,६५५	१,८७२,८८८
ब्याज मुल्तवी हिसाब		३,७०१	२,०३०
कुल दायित्व		२१०,०४५,७८१	१९४,१३५,३३१
पुँजी			
शेयर पूँजी	४.१४	१५,७१२,६००	१५,४८८,०००
साधारण जगेडा कोष	४.१५	४,८२३,५९३	४,४७४,१२५
संस्थाको कोष हिसाब	४.१६	४,३३७,७१२	३,२४३,४८२
कुल पूँजी		२४,८७३,९०६	२३,२०५,६०७
कुल पुँजी तथा दायित्व		२३४,९१९,६८७	२१७,३४०,९३९

लेखा टिप्पणीहरु वित्तिय विवरणहरुको अभिन्न हिस्सा हुन् ।

हाम्रो सोही मितिको संलग्न प्रतिवेदनको आधारमा

अशोक देशार
कोषाध्यक्ष

गोकुल देसार
अध्यक्ष

एन.पि.कोईराला एण्ड एसोसिएट्स
लेखापरिक्षक

जय देशार
उपाध्यक्ष

मैया देशार
सचिव

विमला देशार
सदस्य

सावित्री देशार
सदस्य

सोभा मर्हजन
सदस्य

सानुकाजी देशार
सदस्य

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

ज्योतिदय बचत तथा ऋण सहकारी लिमिटेड

गोदावरी नगरपालिका, ११ ललितपूर

नाफा नोक्सान हिसाव

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्त सम्मको

विवरण	टिप्पणी	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
आम्दानी			
ब्याज आम्दानी	४.१७	२०,८०८,५७९.०६	२०,२९५,८०२.००
ब्याज खर्च	४.१८	१५,८५७,१११.६५	१८,२०३,४३०.३८
खुद ब्याज आम्दानी		४,९५१,४६७.४१	२,०९२,३७१.६२
अन्य आय	४.१९	२,५६६,६९३.२५	३,२०९,५७९.९६
कुल संचालन आम्दानी		७,५१८,१६०.६६	५,३०१,९५१.५८
सम्भावित ऋण नोक्सानी व्यवस्था	४.२०	१,८६३,७६७.०३	३९१,५२१.३४
खुद संचालन आम्दानी		५,६५४,३९३.६३	४,९१०,४३०.२४
संचालन खर्च			
कर्मचारी खर्च	४.२१	२,३३३,९२६.६७	१,९९४,४६५.००
प्रशासनिक खर्च	४.२२	१,६७९,०१२.८८	२,१३५,१०३.२७
ह्रासकट्टि र परिषोधन खर्च	४.२३	६७,८०७.३८	६७,८०७.३८
संचालन खर्च		४,०८०,७४६.९३	४,१९७,३७५.६५
संचालन नाफा / (घाटा)		१,५७३,६४६.७१	७१३,०५४.५९
कर्मचारी बोनस		-	-
कर अघिको नाफा/(नोक्सान)		१,५७३,६४६.७१	७१३,०५४.५९
आयकर खर्च			
चालु आयकर	४.२४	१७३,०२०.९७	६९,१८०.५६
स्थगन कर आम्दानी/खर्च	४.१३	२,७५४.६२	५,९३३.१४
खुद नाफा/(नोक्सान)		१,३९७,८७१.१२	६३७,९४०.८९
अन्य विस्तृत आम्दानी			
यस वर्षको जम्मा विस्तृत आम्दानी		१,३९७,८७१.१२	६३७,९४०.८९

लेखा टिप्पणीहरु वित्तिय विवरणहरुको अभिन्न हिस्सा हुन् ।

हाम्रो सोही मितिको संलग्न प्रतिवेदनको आधारमा,

अशोक देशार
कोषाध्यक्ष

गोकुल देसार
अध्यक्ष

एन.पि.कोईराला एण्ड एसोसिएट्स
लेखापरिक्षक

जय देशार
उपाध्यक्ष

मैया देशार
सचिव

विमला देशार
सदस्य

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.
ज्योतिदय बचत तथा ऋण सहकारी लिमिटेड
गोदावरी नगरपालिका, ११ ललितपूर

आ.ब. २०८२।०८३ को

नगद प्रवाह विवरण

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
कारोबार सञ्चालनबाट भएको नगद प्रवाह		
आयकर व्यवस्था पछिको खुद नाफा	१,३९७,८७१	६३७,९४१
कर्जा नोक्सानी जोखिम व्यवस्था	१,८६३,७६७	३९१,५२१
बाह्य ऋणको ब्याज खर्च	-	-
स्थगन कर	२,७५५	५,९३३
ह्रासकट्टि र परिशोधन खर्च	६७,८०७	६७,८०७
	३,३३२,२००	१,१०३,२०३
चालु सम्पत्ति दायित्वमा कमी/(वृद्धि)		
सदस्यलाई दिएको ऋण सापटीमा (वृद्धि)/कमि	(२७,९७६,७०३)	(१०,३५२,१३४)
आयकर सम्पति खातामा(वृद्धि)/कमि	९,१६८	१०६,१०३
पेश्की तथा प्राप्तयोग्य खातामा (वृद्धि)/कमि	४२,४८९	६१,७२५
सदस्यबाट संकलन गरेको बचतमा वृद्धि/(कमि)	१३,८४३,८२७	३३,२०६,३७७
अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि)	९४,५९०	(७४,३३४)
आयकर व्यवस्था वृद्धि/(कमि)	१०३,८४०	(१७४,६४९)
कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)	(१०,५५०,५८९)	२३,८७६,२९१
लगानीबाट भएको नगद प्रवाह		
लगानीमा कमी/(वृद्धि)	-	(१००,०००)
स्थिर सम्पत्ति (खरिद)/बिक्री	-	-
लगानीबाट खुद नगद प्रवाह (ख)	-	(१००,०००)
वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
शेयर पूँजीमा वृद्धि/(कमि)	२२४,६००	(३५६,३००)
बाह्य ऋणमा वृद्धि/(कमि)	-	-
बाह्य ऋणको ब्याज खर्च	-	-
अन्य कोषहरु भुक्तानी	४५,८२७	(१,३५१,९७८)
वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)	२७०,४२७	(१,७०८,२७७)
यस अवधिको खुद नगद प्रवाह (क+ख+ग)	(१०,२८०,१६२)	२२,०६८,०१३
नगद तथा नगद समानको शुरुवाती मौज्दात	५०,७२४,०६२	२८,६५६,०४९
नगद तथा नगद समानको अन्तिम मौज्दात	४०,४४३,९००	५०,७२४,०६२

अशोक देशार
कोषाध्यक्ष

गोकुल देसार
अध्यक्ष

एन.पि.कोइराला एण्ड एसोसिएट्स
लेखापरिक्षक

ज्योतिदय बचत तथा ऋण सहकारी लिमिटेड
गोदावरी नगरपालिका, ११ ललितपूर

कोष परिवर्तनको विवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्त सम्मको

विवरण	शेयर पूँजी	साधरण जगेडा कोष	अन्य कोष	जम्मा
१ श्रावण, २०८१ सालको समायोजित मौज्दात	१५,८४४,३००.००	४,३१४,६४०.२८	४,११७,००४.१३	२४,२७५,९४४.४१
यस वर्षको आय विवरणबाट	-			-
कोष समायोजन	-	१५९,४८५.२२	(८७३,५२२.१७)	(७१४,०३६.९५)
शेयर पूँजीमा वृद्धि/(कमी)	(३५६,३००.००)			(३५६,३००.००)
३१ असार, २०८२ सम्मको मौज्दात	१५,४८८,०००.००	४,४७४,१२५.५०	३,२४३,४८१.९६	२३,२०५,६०७.४५
१ श्रावण, २०८२ सालको मौज्दात	१५,४८८,०००.००	४,४७४,१२५.५०	३,२४३,४८१.९६	२३,२०५,६०७.४५
समायोजन	-	-	-	-
१ श्रावण, २०८२ सालको समायोजित मौज्दात	१५,४८८,०००.००	४,४७४,१२५.५०	३,२४३,४८१.९६	२३,२०५,६०७.४५
यस वर्षको आय विवरणबाट	-			-
कोष समायोजन	-	३४९,४६७.७८	१,०९४,२३०.५३	१,४४३,६९८.३१
वृद्धि/(कमी)	२२४,६००.००			२२४,६००.००
३२ असार, २०८३ सम्मको मौज्दात	१५,७१२,६००.००	४,८२३,५९३.२८	४,३३७,७१२.४९	२४,८७३,९०५.७६





ज्योतिदय बचत तथा ऋण सहकारी लिमिटेड

गोदावरी नगरपालिका, ११ ललितपूर

खुद नाफा/नोक्सान बाँडफाँडको बिवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्त सम्मको

बिवरण		गत वर्षको बाँकि	यस वर्ष थप	जम्मा	कोष खर्च	बाँकि रकम
यस आ.ब.को नाफा/नोक्सान				-		-
जम्मा		-	१,३९७,८७१.१२	-		-
कोषमा बाँडफाँड						
जगेडा कोष						
जगेडा कोष	२५%	४,४७४,१२५.५०	३४९,४६७.७८	४,८२३,५९३.२८	-	४,८२३,५९३.२८
जम्मा			३४९,४६७.७८	४,८२३,५९३.२८	-	४,८२३,५९३.२८
जगेडा कोष पछिको खुद नाफा बाडफाड			१,०४८,४०३.३४			
अन्य कोषहरु						
संरक्षित पूँजी फिर्ता कोष (२५%)	२५%	११९,६१३.९२	२६२,१००.८४	३८१,७१४.७६	-	३८१,७१४.७६
सहकारी प्रबर्द्धन कोष (०.५%)	०.५०%	४९,८२०.०३	५,२४२.०२	५५,०६२.०५		५५,०६२.०५
शेयर लाभांस कोष (५५%)	५५%	१९७,७३३.७९	४२९,५८३.२७	६२७,३१७.०६		६२७,३१७.०६
सहकारी शिक्षा कोष (५%)	५%	४२,८५०.३१	३९,०५३.०२	८१,९०३.३३	४२,८५०.३१	३९,०५३.०२
सहकारी बिकास कोष (५%)	५%	३५९,३८८.५५	३९,०५३.०२	३९८,४४१.५७		३९८,४४१.५७
कर्मचारी बोनस कोष (५%)	५%	१७,८२२.४७	३९,०५३.०२	५६,८७५.४९		५६,८७५.४९
घाटा पूर्ति कोष (५%)	५%	३५९,३८८.५५	३९,०५३.०२	३९८,४४१.५७		३९८,४४१.५७
अन्य जोखिम ब्यबस्थापन कोष (५%)	५%	३७१,१५९.१९	३९,०५३.०२	४१०,२१२.२१		४१०,२१२.२१
स्थिरीकरण कोष (५%)	५%	१७,८२२.४७	३९,०५३.०२	५६,८७५.४९	१७,८२२.४७	३९,०५३.०२
सदस्य सुरक्षा कोष (५%)	५%	१,१०७,१४४.०३	३९,०५३.०२	१,१४६,१९७.०५	(१०६,५००.००)	१,२५२,६९७.०५
भवन निर्माण कोष (५%)	५%	४५४,१०३.८७	३९,०५३.०२	४९३,१५६.८९		४९३,१५६.८९
सामुदायिक बिकास कोष (५%)	५%	१४६,६३४.७९	३९,०५३.०२	१८५,६८७.८१		१८५,६८७.८१
	१००%	३,२४३,४८१.९६	१,०४८,४०३.३१	४,२९१,८८५.२७	(४५,८२७.२२)	४,३३७,७१२.४९
खुद सञ्चित मुनाफा		७,७१७,६०७.४५	१,३९७,८७१.०९	९,११५,४७८.५४	(४५,८२७.२२)	९,१६१,३०५.७६

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

ज्योतिदय बचत तथा ऋण सहकारी लिमिटेड
गोदावरी नगरपालिका, ११ ललितपूर
२०८३ आषाढ मसान्त सम्मको

रकम

४.८ सम्पत्ति , प्लान्ट तथा उपकरणहरु

	सवारी साधन	कार्यालय उपकरण	अन्य सम्पत्ति	अमुर्त सम्पत्ति	जम्मा
लागत					
सुरु मौज्दात २०८१.०४.०१	-	३७१,००७	-	-	३७१,००७
थप खरिद	-	-	-		-
पुनर्मूल्यांकन					-
दानमा प्राप्त					-
बिक्री	-	-			-
अन्तिम मौज्दात २०८२.०३.३२	-	३७१,००७	-	-	३७१,००७
थप खरिद					-
दानमा प्राप्त					-
पुनर्मूल्यांकन	-				-
बिक्री					-
अन्तिम मौज्दात २०८३.०३.३२	-	३७१,००७	-	-	३७१,००७
ह्रास कट्टी र परिशोधन					
सुरु मौज्दात २०८१.०४.०१	-	३७,१०१			३७,१०१
यस बर्षको ह्रास कट्टी र परिशोधन		३७,१०१	-	-	३७,१०१
अन्तिम मौज्दात २०८२.०३.३२	-	७४,२०१	-	-	७४,२०१
यस बर्षको ह्रास कट्टी र परिशोधन		३७,१०१		-	३७,१०१
अन्तिम मौज्दात २०८३.०३.३२	-	१११,३०२	-	-	१११,३०२
खुद रकम					
२०८२.०४.०१	-	३३३,९०६	-	-	३३३,९०६
२०८२.०३.३२	-	२९६,८०५	-	-	२९६,८०५
२०८३.०३.३२	-	२५९,७०५	-	-	२५९,७०५

रकम

४.९ अर्मुत सम्पती

	सवारी साधन	कार्यालय उपकरण	अन्य सम्पत्ति	अमुर्त सम्पत्ति	जम्मा
<u>लागत</u>					
सुरु मौज्दात २०८१.०४.०१	-	-	-	३०७,०६७	३०७,०६७
थप खरिद	-	-	-		-
पुनर्मूल्यांकन					-
दानमा प्राप्त					-
बिक्री	-	-			-
अन्तिम मौज्दात २०८२.०३.३२	-	-	-	३०७,०६७	३०७,०६७
थप खरिद					-
दानमा प्राप्त					-
पुनर्मूल्यांकन	-				-
बिक्री					-
अन्तिम मौज्दात २०८३.०३.३२	-	-	-	३०७,०६७	३०७,०६७
<u>ह्रास कट्टी र परिशोधन</u>					
सुरु मौज्दात २०८२.०४.०१	-	-		३०,७०७	३०,७०७
यस बर्षको ह्रास कट्टी र परिशोधन		-	-	३०,७०७	३०,७०७
अन्तिम मौज्दात २०८२.०३.३२	-	-	-	६१,४१४	६१,४१४
यस बर्षको ह्रास कट्टी र परिशोधन		-		३०,७०७	३०,७०७
अन्तिम मौज्दात २०८३.०३.३२	-	-	-	९२,१२१	९२,१२१
खुद रकम					
२०८१.०४.०१	-	-	-	२७६,३६०	२७६,३६०
२०८२.०३.३२	-	-	-	२४५,६५३	२४५,६५४
२०८३.०३.३२	-	-	-	२१४,९४६	२१४,९४६

४.१ नगद र नगद समतुल्य

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
नगद (व्यवस्थापनबाट प्रमाणित)	३,६७७,८०२.०१	३,३९४,९१६.६३
जम्मा	**३,६७७,८०२.०१**	**३,३९४,९१६.६३**

४.२ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
शानिमा बैंक लिमिटेड	-	२३,१२४.८०
नेपाल बैंक लिमिटेड	६,०९२,२७२.८८	१,७३८,९७१.६७
राष्ट्रिय सहकारी बैंक लिमिटेड	२१,६३६,०५०.२६	८,३६२,२५१.१७
राष्ट्रिय सहकारी बैंक लिमिटेड	२८१,१३९.१३	१५४,७०१.४४
राष्ट्रिय सहकारी बैंक लिमिटेड	२,८०४,९०४.७६	१,५४५,०४४.२९
राष्ट्रिय सहकारी बैंक लिमिटेड मुद्धति	-	१५,०००,०००.००
माच्छापूच्छे बैक लिमिटड	४,८०८,२२६.८३	१४,०३३,३५२.०२
ललितपूर बचत तथा ऋण सहकारी संघ	१५१,६८६.६७	१४७,१६२.९८
नेफ्स्कून बचत	७३,१३६.४३	५९,५९३.६२
नेफ्स्कून बचत	१३३,६२०.५९	३,५९७,२६०.७०
जिल्ला सहकारी संघ	१२,८८३.३५	१२,६६५.६९
नेस्कून शेयर बचत खाता	७९,०७१.३८	७८,९९१.८९
आईसिफसि फाईनान्स	१३७,४०७.००	१३७,७०७.००
एनआईसि एसिया बैक लि.	३३०,२०६.४८	२,४३८,३१७.७९
ग्लोवल आईएमई	२२५,४९२.५४	-
जम्मा	**३६,७६६,०९८.३०**	**४७,३२९,१४५.०६**

नगद तथा नगद समानलाई वित्तीय अवस्थाको विवरणमा अपलेखित लागतमा पहिचान गरिन्छ । भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ । नगद तथा नगद समानमा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्था र सहकारी संघमा रहेको मौज्दातलाई समावेश गरिएको छ ।

वित्तीय लगानीलाई तीन वा तीन महिना भन्दा कम परिपक्वता रहेको अवस्थामा नगद तथा नगद समानको रुपमा वर्गीकृत गरिएको छ । यी लगानीहरुमा बैंक तथा वित्तीय संस्था र सहकारी संघसँगको मौज्दात (Placement) पर्दछन जुन अत्याधिक तरल मानिन्छ र संस्थाले छोटो प्रतिबद्धता प्रबन्ध गर्ने उद्देश्यका लागि राखिएको हुन्छन् ।

४.३ लगानी सम्पत्ति

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
जमिन	४,८६०,३७५.००	४,८६०,३७५.००
भवन	-	-
जम्मा	**४,८६०,३७५.००**	**४,८६०,३७५.००**

४.४ ऋण लगानी

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
व्यापारिक कर्जा लगानी	१५१,८९३,१०६.००	१४१,०१६,५८७.००
कृषि कर्जा	५६०,८३७.००	४३३,७४०.००
शैक्षिक कर्जा	६,५६९,८६४.००	३,०२२,३०४.००
आवास कर्जा	१,८६३,८७२.००	३६३,०११.००
लघु तथा विपन्न कर्जा	५,४७८,३५०.००	४,४६२,२००.००
हायर पर्चेज कर्जा	५,१८६,६०७.००	४,०६७,३११.००
घरायसी कर्जा	४,००४,७५२.००	२,६४६,८९७.००
अन्य कर्जा	१०,९०८,११३.००	२,४७६,६४८.००
जम्मा	**१८६,४६५,५०१.००**	**१५८,४८८,७९८.००**
प्राप्त हुने ब्याज	-	-
कुल ऋण लगानी	**१८६,४६५,५०१.००**	**१५८,४८८,७९८.००**
घटाउने : क्षयीकरण व्यवस्था	३,७३६,६५५.०१	१,८७२,८८७.९८
जम्मा	**१८२,७२८,८४५.९९**	**१५६,६१५,९१०.०२**

४.४.१ सम्भावित ऋण नोक्सानी व्यवस्था

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
वर्षको सुरुमा मौज्दात	१,८७२,८८७.९८	१,४८१,३६६.६४
यस वर्षको व्यवस्था	१,८६३,७६७.०३	३९१,५२१.३४
ऋण नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-
जम्मा	**३,७३६,६५५.०१**	**१,८७२,८८७.९८**

विवरण	३२ आषाढ २०८३ सम्मको
उमेर अनुसार ऋणको प्रकार	
सक्रिय ऋण	
असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएका) (१%)	१८३,६६५,५०१.००
निष्क्रिय ऋण	
कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेका) (२५%)	१,२००,०००.००
शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) (५०%)	-
खराव ऋण (१२ महिना भन्दा वढी भाखा नाघेको) (१००%)	१,६००,०००.००
जम्मा	**१८६,४६५,५०१.००**
क्षयीकरणको लागि व्यवस्था	
सक्रिय ऋण	
असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएका) (१%)	१,८३६,६५५.०१
निष्क्रिय ऋण	
कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेका) (२५%)	३००,०००.००
शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) (५०%)	-
खराव ऋण (१२ महिना भन्दा वढी भाखा नाघेको) (१००%)	१,६००,०००.००
क्षयीकरणको लागि व्यवस्था	**३,७३६,६५५.०१**

४.५ चालु कर सम्पत्ति/(दायित्व)

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
हालको कर सम्पत्तिहरू		
चालु वर्ष आयकर सम्पत्ति	३७२,५१२	१३७,७२६
यस आ.व.मा थप	६०,०१३	२३४,७८६
अघिल्लो अवधिको कर सम्पत्तिहरू	(६९,१८१)	-
जम्मा	**३६३,३४४**	**३७२,५१२**

४.६ अन्य लगानी

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
राष्ट्रिय सहकारी बैंक लि.	१,१००,०००.००	१,१००,०००.००
नेपाल केन्द्रिय बचत तथा ऋण सहकारी संघ	५००,०००.००	५००,०००.००
ललितपुर बचत तथा ऋण सहकारी संघ	१०,०००.००	१०,०००.००
जिल्ला सहकारी संघ	२,५००.००	२,५००.००
जम्मा	**१,६१२,५००.००**	**१,६१२,५००.००**

४.७ पेश्की तथा प्राप्तयोग्य खाता

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
पेश्की	४०४,४७२.००	४४९,४७२.००
मोवाईल बैंक अपरेटीङ खाता	४६,१८४.०६	८८,६७२.६२
मोवाईल बैंक ट्रान्सफर अपरेटीङ खाता	२४५,०५८.३९	२००,०५८.३९
जम्मा	**६९५,७१४.४५**	**७३८,२०३.०१**

४.१० बचत तथा निक्षेप दायित्व

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
दैनिक बचत	४५,०९३,८१०.६३	३८,२६३,६३४.३८
आवधिक बचत	११४,०८८,६३४.००	११२,४८५,६९१.००
बाल बचत	७,९९७,३७६.००	८,२२४,८४३.००
ज्योतिदय बचत	१०,०६९,२५९.००	८,०४८,११९.००
जेष्ठ नागरीक	४,६३८,०१५.००	४,८८८,८२५.००
महिला समुह	५,४३४,३१३.००	४,३९४,०८६.००
रजत बिषेश बचत	४,५१३,२८९.००	४,२१८,९५७.००
नियमित बचत	१,९१५,००९.००	१,७३२,१८२.००
अन्य	३,८४८,४९४.००	४,१९६,७१३.३०
बिशेष बचत	५,७४५,९३७.००	३,९२२,४३५.००
पेन्सन बचत	२,५७८,३१९.००	१,७०३,१४३.००
जम्मा	**२०५,९२२,४५५.६३**	**१९२,०७८,६२८.६८**

४.११ भुक्तानी योग्य खाताहरू

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
लेखापरिक्षण शूल्क	४४,६००.००	४४,६००.००
ब्याज कर	-	५१,२९९.९९
लेखापरिक्षण शूल्कमा कर	६००.००	६००.००
पारिश्रमिक कर	८८९.८०	-
उपदान	१४५,०००.००	-
जम्मा	**१९१,०८९.८०**	**९६,४९९.९९**

४.१२ आयकर व्यवस्था

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
यस वर्षको आयकर व्यवस्था	१७३,०२०.९७	६९,१८०.५६
जम्मा	**१७३,०२०.९७**	**६९,१८०.५६**

४.१३ स्थगन कर

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
स्थगन कर दायित्व	१८,८५८.८७	१६,१०४.२५
जम्मा	**१८,८५८.८७**	**१६,१०४.२५**

विवरण	लेखामान अनुसार रकम	आयकर ऐन अनुसार रकम
अस्थायी भिन्नता सम्पत्ति , प्लान्ट र उपकरण अमूर्त सम्पत्ति	४७४,६५१.०४	२८६,०६२.३५
जम्मा	४७४,६५१.०४	२८६,०६२.३५
फरक		१८८,५८८.६९
करको दर		१०%
स्थगन कर सम्पत्ति / (दायित्व)		१८,८५८.८७
शुरु मौज्दात		१६,१०४.२५
आय विवरण मा देखाइने स्थगन कर		२,७५४.६२

४.१४ शेयर पूँजी

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
अधिकृत पूंजी (३००००० कित्ता शेयर रु १००।- का दरले)	३०,०००,०००.००	३०,०००,०००.००
जारि पूंजी (३००००० कित्ता शेयर रु १००।- का दरले)	३०,०००,०००.००	३०,०००,०००.००
चुक्ता पूंजी		
(१५४८८० कित्ता शेयर रु १००।- का दरले)		
(१५४८८० कित्ता शेयर रु १००।- का दरले)	१५,७१२,६००.००	१५,४८८,०००.००
जम्मा	**१५,७१२,६००.००**	**१५,४८८,०००.००**

४.१५ साधारण जगेडा कोष

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
वर्षको सुरुमा मौज्दात	४,४७४,१२५.५०	४,३१४,६४०.२८
यस अवधिमा प्राप्त भएको थप कोष	३४९,४६७.७८	१५९,४८५.२२
वर्षको अन्त्यमा मौज्दात	**४,८२३,५९३.२८**	**४,४७४,१२५.५०**

४.१६ संस्थाको अन्य कोष हिसाब

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२
संरक्षित पूँजी फिर्ता कोष	३८१,७१४.७६	११९,६१३.९२
सहकारी प्रवर्द्धन कोष	५५,०६२.०५	४९,८२०.०३
शेयर लाभांस कोष	६२७,३१७.०६	१९७,७३३.७९
कर्मचारी वोनस कोष	५६,८७५.४९	१७,८२२.४७
संस्था विकास कोष (सहकारी)	३९८,४४१.५७	३५९,३८८.५५
सदस्य शिक्षा कोष (सहकारी)	३९,०५३.०२	४२,८५०.३१
घाटापुर्ति कोष	३९८,४४१.५७	३५९,३८८.५५
सामुदायिक विकाश कोष	१८५,६८७.८१	१४६,६३४.७९
स्थिरीकरण कोष	३९,०५३.०२	१७,८२२.४७
भवन निर्माण कोष	४९३,१५६.८९	४५४,१०३.८७
अन्य जोखिम व्यवस्थापन कोष	४१०,२१२.२१	३७१,१५९.१९
सदस्य सुरक्षा कोष	१,२५२,६९७.०५	१,१०७,१४४.०३
जम्मा	**४,३३७,७१२.४९**	**३,२४३,४८१.९६**

४.४.१ सम्भावित ऋण नोक्सानी व्यवस्था

विवरण	आ व ८१।८२ (रु.)	आ व ८०।८१ (रु.)
वर्षको सुरुमा मौज्दात	१,८७२,८८७.९८	१,४८१,३६६.६४
यस वर्षको थप / (घटी)	४६३,७६७.०३	३९१,५२१.३४
जम्मा	**२,३३६,६५५.०१**	**१,८७२,८८७.९८**

४.१७ ब्याज आम्दानी

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
ब्यापारिक कर्जा लगानी	१७,८५३,८८७.००	१८,०८३,१४६.००
कृषि कर्जा	८७,१०५.००	२४१,९९२.००
शैक्षिक कर्जा	८९९,६१४.००	२२९,४९४.००
आवास कर्जा	२९५,४२४.००	३३,३०७.००
लघु तथा विपन्न कर्जा	५७६,३८३.००	५८८,६११.००
हायर पर्चेज कर्जा	६४५,३१९.००	५१२,६१३.००
घरायसी कर्जा	१९१,६४०.००	३८६,७४२.००
अन्य कर्जा	२५९,२०७.०६	२१९,८९७.००
जम्मा आय	**२०,८०८,५७९.०६**	**२०,२९५,८०२.००**

४.१८ ब्याज खर्च

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
दैनिक बचत	१,५३०,७१५.००	२,४२०,८५८.००
आवधिक बचत	११,४६९,००६.६५	१२,४२३,८४८.३८
बाल बचत	९१६,८८३.००	१,०६४,४२७.००
ज्योतिदय बचत	९८१,९९७.००	७६२,११६.००
जेष्ठ नागरीक	१८६,२४४.००	३८१,१५३.००
महिला समुह	१६०,३४२.००	४२१,८७६.००
रजत बिषेश बचत	१०७,२३५.००	२३५,५९५.००
नियमित बचत	७५,४२०.००	७०,९०९.००
बिशेष बचत	२९८,४००.००	२९१,२३६.००
पेन्सन बचत	१३०,८६९.००	१३१,४१२.००
जम्मा	**१५,८५७,१११.६५**	**१८,२०३,४३०.३८**

४.१९ अन्य आय

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
बैंक ब्याज	३९५,९६९.२२	८१९,८१४.७७
कर्जा उपभोग शूल्क	८७८,१८६.००	१,०६५,८७७.००
बिलम्ब शूल्क	१,२७९,२२८.००	१,२८६,८७४.००
अन्य	१२०.३५	२५,८८२.९५
शेयर लगानीमा लाभांश	९२४.६८	१,१०६.२४
खाता बन्दी	-	-
मोबाईल बैकिङ	१२,२६५.००	१०,०२५.००
जम्मा	**२,५६६,६९३.२५**	**३,२०९,५७९.९६**

४.२० सम्भावित ऋण नोक्सानी व्यवस्था

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
यो आ व को ऋण नोक्सानी व्यवस्था	१,८६३,७६७.०३	३९१,५२१.३४
	-	-
जम्मा	**१,८६३,७६७.०३**	**३९१,५२१.३४**

४.२१ कर्मचारी खर्च

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
मासिक तलब तथा भत्ता	२,१८८,९२६.६७	१,९९४,४६५.००
उपदान खर्च	१४५,०००.००	-
जम्मा	**२,३३३,९२६.६७**	**१,९९४,४६५.००**

४.२२ सामान्य प्रशासनिक खर्च

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
घरबहाल	२८०,५००.००	२८०,५००.००
बिजुली महशुल	१३,०००.००	१३,६६५.००
टेलिफोन महशुल	२१,६००.००	२५,३८०.००
बिबिध	३९,१०९.७१	४७,५६८.६२
छपाई तथा मसलन्द	६९,०२५.००	१००,९७०.००
लेखापरिक्षण शुल्क	४५,२००.००	४५,२००.००
बार्षिक साधारण सभा	२२०,२५०.००	४८६,०५७.००
बैठक खर्च	२८२,०००.००	३१७,५००.००
भ्रमण	-	१०८,१६५.००
यातायात खर्च	३६,९२७.००	३०,१८६.२५
चियापान तथा अतिथि सत्कार	१०७,३६९.००	९६,८९७.००
मर्मत	१८,६९०.००	१४,४७०.००
बिमा	३०३,४९५.१७	३१३,१७१.४०
बैंक चार्ज	६६५.००	-
ईमेल ईन्टरनेट	३६,७५५.००	३१,०८५.००
खानेपानी तथा सरसफाई	६,२३५.००	२,०९०.००
जन्म दिन केक	१७,६००.००	१४,८००.००
सहकारी दिवस तथा स्थापना दिवस	५०,०००.००	१७,३५०.००
स्वस्थ्य खर्च	४,३००.००	३,०८५.००
पत्रपत्रिका	६,०००.००	६,०००.००
जेष्ठ नागरीक सम्मान	५,०००.००	५४,०००.००
सदस्यता/नविकरण	११५,२९२.००	१२६,९६३.००
जम्मा	**१,६७९,०१२.८८**	**२,१३५,१०३.२७**

४.२३ ह्रासकट्टी र परिशोधन खर्च

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
ह्रासकट्टी	३७,१००.६७	३७,१००.६७
परिशोधन खर्च	-	-
जम्मा	**३७,१००.६७**	**३७,१००.६७**

४.२४ आयकर खर्च

विवरण	आ व ८२।८३ (रु.)	आ व ८१।८२ (रु.)
यो आ व को आयकर खर्च	१७३,०२०.९७	६९,१८०.५६
गत आ व मा छुटेको आयकर खर्च	-	-
जम्मा	**१७३,०२०.९७**	**६९,१८०.५६**

४.२५ पूंजी प्रतिबद्धताहरु

संस्थाले यस प्रतिवेदनको मितिसम्ममा कुनै पनि पुँजीगत प्रतिबद्धताहरू रहेका छैनन् ।

४.२६ परिस्थितिजन्य दायित्वहरु (Contingent Liabilities)

यस प्रतिवेदनको समयसम्ममा सस्थाको कुनै पनि किसिमको परिस्थितिजन्य दायित्वहरु रहेका छैनन् ।

ज्योतिदय वचत तथा ऋण सहकारी संस्था लि.
गोदावरी नगरपालिका – ११ ललितपूर
आर्थिक वर्ष १ श्रावण २०८२ देखि ३२ आषाढ २०८३
वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु

१ सामान्य जानकारी

ज्योतिदय वचत तथा ऋणसहकारी संस्थालिमिटेडले छरिएर रहेका स-साना रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरुको आर्थिक विकासमा टेवा पुऱ्याउने मूख्य उदेश्यले सहकारी ऐन, २०७४ अनुसार मिति २०५०।०४।३१मा तत्कालिन डिभिजन सहकारी कार्यालय, ललितपुरमादर्ता नम्बर ०२।०५०।०५१ मा दर्ता भई वित्तीय कारोवार संचालन गर्दै आइरहेको छ । संस्थाले मिति २०६६।०९।२१ मा आन्तिरिक राजस्व विभागमा दर्ता गरी ३०३१६८९७१ स्थायी लेखा नम्बर प्राप्त गरेको छ । संस्थाको कार्यालय गोदावरी नगरपालिका वडा नं ११, चापागाऊँमा रहेको छ । संस्थाको कार्यक्षेत्र गोदावरी नगरपालिका भर रहेको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

१.१ प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति

संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०८२ देखि मिति ३२ असार २०८३ को अवधिलाई समेटि मिति ३२ असार २०८३ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो को ३२ असार २०८२ को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट मिति ..... मा स्वीकृत भएको छ ।

२ वित्तीय विवरण तयारीका आधारहरु

२.१ अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal- ASBN)बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal- ICAN)द्वारा अनुपालनको लागि सुचित गरिएका साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिबेदनमान(Nepal Financial Reporting Standard for Medium Enterprises-NFRS for SMEs)माभएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् ।

वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

२.१.१ Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिबेदनमान**(NFRS for SMEs)** मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अर्न्तराष्ट्रिय लेखामान बोर्डले जारी गरेको साना तथा मझौला संस्थाको लागि अन्तराष्ट्रिय वित्तीय प्रतिबेदनमान**(NFRS for SMEs)** मा आधारित रहेर नेपाल लेखामान बोर्डले साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिबेदनमान **(NFRS for SMEs)** जारी गरेको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा **NFRS for SMEs** बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु **NFRS for SMEs** बमोजिम तयार गरिएका छन् ।

२.२ वित्तीय विवरणको उत्तरदायित्व

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८३ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८२/८३ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८२/८३ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८२/८३ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity),

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ ।

२.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमान

NFRS for SMEsको प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS for SMEsले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement)हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS for SMEs ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

२.५ लेखा नीतिमा परिवर्तन

संलग्न वित्तीय प्रतिवेदनहरु पहिलो पटक NFRS for SMEs को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन् । पहिलो पटक NFRS for SMEs बमोजिम वित्तीय प्रतिवेदनहरु तयार गर्दा वित्तीयमानमा भएको व्यवस्था बमोजिम बिगतमा NFRS for SMEs लागु हुनु अघिको GAAPबमोजिम तयार गरिएका वित्तीय विवरणहरुलाई NFRS for SMEs अनुसार पूनर्लेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारेमा प्रस्तुत गरिएको छ ।

२.६ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

२.७ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपलेअवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूर्नवर्गीकरण गरिएका छन् ।

२.८ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३२, २०८३ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NFRS for SMEs 32 "Events after the end of the reporting period"भनी प्रस्तुत गरिएको छ ।

३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण ऐतिहासिक मूल्यका आधारमा तयार गरिएको छ ।

३.२ नगद र नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थमा रहेको मौज्दात र माग, तिन महिना वासोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost) मा मापन गरिएको छ ।

३.३ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- ✓ खराब वित्तीय अवस्था
- ✓ सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ✓ ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- ✓ वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

३.४ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाकोकितावी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले **Discounting** गर्दा हुनआउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमघटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।यस संस्थाको वित्तीय विवरण तयार पार्दा वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्थालाई NFRS for SMEs ले दिएको तरिका पालन नगरी सहकारी ऐन, नियमावली तथा निर्देशिका बमोजिम वित्तीय सम्पत्तिको नोक्सानी ब्यबस्था गरिएको छ । संस्थाले यस आ. व. मा लगानी गरेको कर्जालाई कर्जाको भाकाको आधारमा असल कर्जा र संकास्पद कर्जा र खराव कर्जामा विभाजन गरी सहकारी ऐन, निर्देशिकाको आधारमा असल कर्जामा १% र कमसल कर्जा २५%संकास्पद कर्जामा ५०% र खराव कर्जामा १००% ऋण नोक्सानी व्यवस्था कायम गरीएको छ ।

३.५ लगानीसम्पत्ति(Investment Properties)

NFRS for SMEs १७ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरणे बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुबैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NFRS for SMEs 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ र उक्त लगानी सम्पत्ति अन्तर्गतको भवनको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

३.६ सम्पत्ति तथा उपकरण

सहकारीले **NAS 16– "Property, Plant & Equipment"** को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ ।

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

स्थर सम्पत्ति तथा कार्यालय उपकरणलाई "Cost Model" मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनरमूल्याङ्कन Model अपनाएको छैन ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.६ ह्रासकट्टी

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । ह्रास कट्टी गणनाको लागि संस्थाले कुनै महिनाको जुन सुकै दिनमा खरिद गरेको भए पनि उक्त महिनाको अन्तिम दिनमा खरिद भएको मान्ने निती लिएको छ।संस्थाद्वारा हाल प्रयोग भइरहेको ह्रासकट्टीका लागी सम्पतीको प्रयोग योग्य अवधिहरु निम्न रहेका छन्:यहाँ उल्लेखित सम्पत्तिको अवधि साधारण गणना को लागि मात्र दिईएको छ ।सम्पत्तिको प्रयोग अवधि यहाँ उल्लेखित अवधि भन्दा फरक पनि हुन सक्नेछ र सो को विवरण सम्पत्तिको दर्ता किताबमा उल्लेख गरिएको छ ।

सम्पत्तिको वर्गिकरण	सम्पत्तिको उपयोगी जीवन (लाइफ)
कम्प्युटर उपकरण	१० बर्ष
कार्यालय उपकरण	१० बर्ष
फर्निचर र फिटिंग	१० बर्ष
अन्य सम्पत्ति	१० बर्ष

३.७ अदृश्य/अमूर्त सम्पत्ति

खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको परिशोधन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि **५ वर्ष** हो ।

अभौतिक सम्पत्ति विक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.८ आयकर

संस्थाले आयकर लेखाङ्कन **NFRS for SME 29 – Income Tax** को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

क) चालु कर

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

ख) स्थगन कर

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

३.९ सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन **NFRS for SME 21 – Provisions and Contingencies**कोप्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत(Material)दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

३.१० आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS for SME23 – Revenueको प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

३.१०.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले सहकारी लेखापरीक्षण मापदण्ड बमोजिम ब्याज आय लाई नगद आधारमा लेखांकन गर्ने गरेको छ ।

३.१०.२ अन्य आम्दानी

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ

३.१०.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

३.११ खर्चको लेखाङ्कन

३.११.१ ब्याज खर्च

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा(Accrual Accounting)लेखाङ्कन गरिन्छ । प्रभावकारी ब्याज दरको करिबी दर प्रयोग गरी ब्याज खर्च लेखाङ्कन गरिन्छ ।

३.११.२ कर्मचारी खर्च

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted)मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।कर्मचारीहरुबाट कट्ट गरिएको संचयकोष लगायतका रकमहरु नागरिक लगानीकोषमा जम्मा गर्ने गरिएको छ ।

३.१२ शेयर पूँजी

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन । NFRS for SMEs अनुसार यस सहकारी संस्थाको शेयर पुँजीलाई वित्तीय दायित्वमा

बर्गिकरण गर्न सकिन्छतर सहकारी ऐन , नियमावली तथा निर्देशिका अनुसार यो वित्तीय विवरण तयार पर्दा उक्त पुँजीलाई शेयर पूंजी भनेरै नामाकरण गरिएको छ ।

३.१३ कोषहरु

जगेडा कोष र अन्य कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड गरिन्छ ।

शेयर लाभांश कोष	५५%
कर्मचारी बोनस कोष	५%
सहकारी विकास कोष	५%
सहकारी शिक्षा कोष	५%
घाटा पूर्ति कोष	५%
सामुदायिक विकास कोष	५%
अन्य जोखिम व्यवस्थापन कोष	५%
भवन निमार्ण कोष	५%
स्थिरीकरण कोष	५%
सदस्य सुरक्षण कोष	५%

३.१४. सम्बन्धित पक्षहरुसँग सम्बन्धित खुलासा

सहकारी सँस्थाको संचालक समितिका सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरूलाई सम्बन्धित पक्ष भनिएकोछ ।उनीहरुको विवरण यसप्रकार रहेको छ ।

सम्बन्धित पक्षको नाम	संस्थासँगको सम्बन्ध
श्री गोकुल देशार	अध्यक्ष
श्री जय देशार	उपाध्यक्ष
श्री मैया देशार	सचिव
श्री अशोक देशार	कोषाध्यक्ष
श्री बिमला देशार	सदस्य
श्री सावित्री देशार	सदस्य
श्री सोभा मर्हजन	सदस्य
श्री सानुकाजी देशार	सदस्य
श्री केशव देशार	सदस्य
श्री मोहित देशार	व्यबस्थापक

संचालक समिति, ऋण उपसमिती, लेखा सुपरिवेक्षण समितीका सदस्यहरु तथा व्यबस्थापकसँगको कारोबार

विवरण	यस वर्षको	गत वर्षको
बैठक भत्ता	२८२,०००।००	३१७,५००।००
ऋण कर्जा तथा अन्य पाउनुपर्नेतिर्नुपर्ने	८०,४३,४०४।००	१००५७५१८।००

मुख्य व्यवस्थापनका सदस्यहरूसँगको कारोबार

विवरण	यस वर्षको	गत वर्षको
तलब भत्ता	६८९,९७०।००	६२६,३४०।००
संचय कोष तथा अन्य अवकाश कोषमा योगदान	१२६,७२०।००	१२६७२०।००
जम्मा	७५३,०६०।००	७५३,०६०।००

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

गोदावरी-११, चापागाउँ, ललितपुर

३३ औं वार्षिक साधारणसभामा लेखा सुपरिवेक्षण समिति संयोजक किशोर देशारद्वारा प्रस्तुत प्रतिवेदन २०८३

यस सभाका सभापति ज्यू, प्रमुख अतिथि सबै अतिथि वर्गहरू तथा आदरणीय शेयर सदस्य महानुभावहरूलाई ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि. र लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ब्यक्त गर्दछौं ।

यस ज्योतिदय बचत तथा ऋण सहकारी संस्थाको ३३ औं वार्षिक साधारण सभाको गर्न पाउँदा सम्पूर्ण सदस्यहरूमा आभार ब्यक्त गर्दछौं ।

अनेकौ कारणबाट देशमा उत्पन्न आर्थिक मन्दिका कारण पनि यस सहकारी संस्थामा आर्थिक रुपमा सदस्यमुखी बिभिन्न कार्यहरु संचालक समितिको सहकार्यतामा भएको देखिन्छ देखिन्छ । अहिले मुख्य रुपमा देखिएको समस्या भनेको कर्जामा हो । कर्जा यस्तो विषय हो जुन लगानी नगर्दा नि नसक्ने गर्दा पनि समस्यामा पर्ने त्यस सदस्यहरूको बचत तथा शेयर रकमको सुरक्षाको प्रत्याभुति सहित लगानी गर्नुपर्छ । तर यस सहकारी संस्थाको मजबुद पक्ष भन्नु पर्दा अधिकाशं ऋणी स्थानीय ब्यक्तिहरू नै छन त्यसकारणले भविष्यमा नैतिकताका आधारमा भए पनि जोखिम कम हुन्छ भन्ने अनुमान गर्न सकिन्छ ।

यस सहकारी संस्थाले सामाजिक रुपमा गर्नु पर्ने कार्य, प्रविधिलाई अंगाल्ने, शिक्षा क्षेत्रमा गर्नुपर्ने, महिला लघुवित्त, यसरी सहकारी सिद्धान्त तथा मूल्य र मान्यता अनुसरण गरेता पनि केहि सुझावहरू दिन चाहान्छु ।

१. यस आ. व २०८२।८३ मा संचालक समितिको बैठक २३ पटक लेखा समितिको बैठक ३ पटक तथा संयुक्त समितिको बैठक १ पटक र कर्जा उपसमितिको बैठक ३४ पटक बसेको देखिन्छ त्यस अर्थमा बैठक नियमित भए भन्ने बुझिन्छ ।

२. यस संस्थाले कर्जाको ब्याज १२% गत वर्षमैं लगानी गरिएको हुँदा हालको सन्दर्भ ब्याज लागुले असर नगर्ला यसबाट सदस्यहरूलाई धेरै राहत पुगेको छ ।

३. गत वर्षमा झै यस आ.व. मा पनि अधिक तरला भएको हुँदा लक्ष्य अनुसारको नाफा गर्न सकेको छैन त्यसकारण यस आ.व.मा पनि छोटो समयको कर्जाहरूमा ब्याजदर कम गरि कर्जा लगानी गर्न

सुझाव दिन चाहान्छु ।

४. सहकारी संस्था प्रमुख मेरुदण्डको रुपमा रहेको अनिवार्य मासिक बचत र कोष बलियो बनाउने हो त्यस अनुमार यस सहकारीले कुल बचत (निक्षेप)मा १६.३८% योगदान रहेको छ । आवधिक बचतको ब्याजदरमा निरन्तर कम भएको हुँदा ब्याज खर्च कम भई नाफाको रकम गत वर्षमा भन्दा केहि सुधार भएको छ ।

५. यस आ.व २०८२।८३ गत आ.व.मा भन्दा गत वषको कुल कारोवारमा १ करोड ७५ लाख ७८ हजार ७ सय ४८ रुपैयाँले बृद्धि भई २३ करोड ४९ लाख १९ हजार ६ सय ८७ रुपैयाले हुन पुगेको छ यसले सदस्यहरुको बिश्वास निरन्तर बढेको भन्ने बुझिन्छ ।

६. देशमा भएको आर्थिक मन्दीले गर्दा कर्जा असुलिमा समस्या देखिएको हुँदा जोखिम कोषमा १८ लाख ६३ हजार ७ सय ६७ रुपैयाँ रकम थप गर्नु पर्दा नाफा रकम कम भएर लाभांश दिन सकेको छैन । यसले गर्दा सदस्यहरूको आर्थिक सहभागितामा कमी आएको छ ।

७. यस आ.व.मा सदस्यहरूको लागि तालिम तथा कार्यक्रम गरिएको पाईएन तालिम तथा कार्यक्रमहरू निरन्तर हुनु पर्छ जस्ले गर्दा सदस्यहरूले ब्यक्तिगत वा संस्थागत रुपमा ज्ञान प्राप्त गर्न सकिन्छ ।

८. यस आ.व.मा पनि संस्थाले कुनै पनि वाह्य ऋण लिएको देखिएन यसरी वाह्य ऋण दायित्व नहुँदा संस्थाको आर्थिक अवस्था अझै बलियो हुन्छ यो पनि राम्रो पक्ष मानिन्छ ।

९. यस ज्योतिदय सहकारीले प्रत्येक वार्षिक साधारणसभामा सदस्यहरूको उत्पादनलाई प्रर्दशनी गरि उद्यमशिलता प्रवर्द्धन गरिएको यस क्षेत्र भरिको सहकारी संस्थाको लागि उदाहरणीय कार्य गरेको छ ।

अन्तमा, अतिथिज्यूहरू तथा सम्पूर्ण शेयरधनी महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दै प्रस्तुत प्रतिवेदन उपर गहन छलफल गरी आवश्यक सल्लाह सुझाव सहित सर्व सहमतिले पारित गरिदिनु हुनेछ भन्ने पूर्ण आशाका साथ यो प्रतिवेदन यहि अन्त्य गर्दछु । धन्यवाद !

लेखा सुपरिवेक्षण समिति
संयोजक किशोर देशार,
सदस्य दिलिप देशार,
सदस्य कान्छा देशार

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

गोदावरी-११, चापागाउँ, ललितपुर

३३ औं वार्षिक साधारणसभामा ब्यवस्थापक मोहित देशारको तर्फबाट बजेट तथा कार्यक्रम २०८३

यस ज्योतिदय बचत तथा सहकारी संस्था लि.को ३३ औं वार्षिक साधारणसभा गर्न पाउँदा सम्पूर्ण शेयर सदस्यहरूलाई हार्दिक आभार ब्यक्त गर्दछु। सहकारी क्षेत्र आजको दिनमा अति तरङ्गित भएको अवस्थामा छ निरन्तर विभिन्न निकायबाट विभिन्न निर्देशनहरू आईरहदा संस्थाहरूलाई निर्देशहरू पालना गर्न कठिन भएको देखिन्छ।

सहकारी क्षेत्र वा विषय विश्व समुदायमा अति राम्रो अभ्यास रहेको छ तर नेपालमा अभिसापको रुपमा देखिएको छ। तर हामी यसलाई चिर्दै नेपालको सहकारी क्षेत्रको उज्जवल भविष्यका लागि निरन्तर रुपमा सहकारी अभियानमा छौं।

सहकारी क्षेत्र आर्थिक लेनदेनको कार्य हुने हुँदा सुशान तथा जोखिम न्युनिकरण प्रमुख कार्य रहेको छ यसको साथै सदस्यहरूको समुनत विकासको लागि रहेको छ। यस ज्योतिदय सहकारीले सदस्यहरूको समुनत विकासको लागि बिभिन्न कार्यहरू गरेको छ।

सामाजिक सुरक्षा

२०७६ सालमा स्थापना गरिएको सदस्यहरूको योगदानको आधारितमा रहेको सदस्य सुरक्षा कोषले हालसम्म सदस्यहरूलाई मृत्यु क्रिया खर्च, महिला सुत्केरी भत्ता र गम्भिर प्रकृतिका रोगहरूमा उपचार खर्च गरि १५१ सदस्यहरूलाई रु. १० लाख ८७ हजार ५०० सय रकम वितरण गरिसकेको जानकारी गर्नुको साथै यस कोषमा जम्मा रकम १५ लाख ३१ हजार १ सय ९७ रुपैयाँ बाँकी रहेको छ। यसबाट अझै धेरै सामाजिक सुरक्षाका कार्यक्रम ल्याउन बाँकी छ त्यसको तयारीमा हामी छौं। यो कार्यक्रमबाट धेरै सदस्यहरूलाई लाभावित भईसकेको र आगामी दिनमा यो अझै धेरै सदस्यहरू लाभावित हुनेमा म विश्वस्त छु र यो मजबुत कोषको रुपमा स्थापित हुदै गएको छ।

बीमा कार्यक्रम

मानिसको जीवनमा दिन प्रतिदिन धेरै किसिमका सामाजिक जोखिम बढ्दै गएको छ। त्यस कारणले नै यस सहकारी संस्थाले सदस्यहरूको जोखिमलाई न्यूनिकरण गर्न सदस्यहरूको १ लाख

सम्मको दुर्घटना वीमा संचालन गरिएको छ । यस कार्यक्रमले कुनै पनि दुर्घटनामा परि अंगभंग तथा मृत्यु भएको अवस्थामा क्षतिपूर्तिको ब्यवस्था गरिने छ । बचत गर्ने बानिमा सुधार ल्याउने उद्देश्यले अनिवार्य बचत खाता संचालन गरेका सदस्यहरूलाई २५ हजारसम्म स्वास्थ्य उपचार बीमा कार्यक्रम पनि ल्याएको यो नेपालको जुन सुकै स्वास्थ्य संस्थामा उपचार गर्न सकिने ब्यवस्था गरिएको छ । यस कार्यक्रमले सदस्यहरूको स्वास्थ्यतालाई सुनिश्चित गरेको छ ।

डिजिटल सेवा

यस ज्योतिदय सहकारीले दक्षिण ललितपुर मै पहिलो मोबाईल बैकिङ, SMS, जस्ता डिजिटल सेवा विगत ४ वर्ष देखि प्रदान गर्दै आइरहेको छ सहकारी क्षेत्रमा यस्ता डिजिटल सेवा प्रदान गर्ने कार्य सहज थिएन तर ज्योतिदय सहकारी महंगो मूल्य तिरेर यो सेवा प्रदान गरिरहेको छ । समय बितिदै जाँदा आज समय डिजिटलमय भइसकेको छ । हरेक ब्यक्ति वा सदस्य यसबाट टाढा रहन सकिदैन जीवनको अपरिहाय नै भइसकेको छ ।

छात्रबृत्ति कार्यक्रम

यस ज्योतिदय बचत तथा सहकारी संस्था लि.का सदस्यहरूका छोरा छोरीहरू तथा गोदावरी नगरपालिका भरिका ब्यक्तिहरू र छोरा छोरीहरू जो आर्थिक रुपमा विपन्न र जेहेन्दार विद्यार्थीहरूलाई छात्रबृत्ति प्रदान गरिएको छ । यस छात्रबृत्ति कार्यक्रमलाई बिभिन्न ब्यक्ति तथा संघ संस्थाहरूबाट योगदान गरिएको जानकारी गर्दछु । यस कार्यक्रमलाई आगामी दिनमा अझै ब्यापक गरिनेछ ।

तालिम

यस सहकारी संस्थाले सदस्यहरूलाई सक्ष्म र आत्मर्निभर गर्न विभिन्न तालिम प्रदान गर्दै आइरहेको छ ।

सम्मान कार्यक्रम

सदस्यहरूलाई प्रोत्सान गर्न हरेक वार्षिक साधारणसभाका दिनमा उत्कृष्ट बचत कर्ता, उत्कृष्ट ऋणी र सदस्यहरूका बाल बच्चाहरू SEEमा उत्कृष्ट अंक प्राप्त गर्नेहरूलाई सम्मान तथा पुरुष्कृत गर्ने गरिएको छ । यस वर्ष देखि छात्रबृत्ति कार्यक्रम पनि अगि सारेकोछ ।

सदस्य शिक्षा कार्यक्रम

यस सहकारीले विगत ७ वर्ष देखि सदस्यहरूलाई सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रममा प्रदान गर्दै आईरहेका छ । साथै वित्तिय साक्षरता कार्यक्रमलाई अझै यस गोदावरी नगरपालिका स्कुल, कलेजहरूमा प्रदान गर्ने कार्यक्रम रहेको छ । यस कार्यक्रमले आजका युवा पुस्तालाई सहकारीमा आकर्षित गर्न मद्दत गर्दछ ।

अन्य सुविधा कार्यक्रम

यस ज्योतिदय सहकारीले सदैव सदस्यहरूको सेवामा लागि पर्ने छौं त्यसकारण यस संस्थाबाट सदस्यहरूलाई सहकार्य (Tie Up) कार्यक्रम अन्तर्गत विभिन्न छुट प्रदान कार्यक्रमहरू :

१) औषधि खरिदमा छुट
२) ल्याव टेष्टमा छुट
३) दैनिक उपभोग्य सामानमा छुट
४) कोलिष्टर सामाग्रीमा छुट
५) ब्यूटीपार्लरमा छुट
६) क्याफे तथा रेष्टुरेण्टमा छुट
७) फर्निचरमा छुट तथा अन्य

सहकारीले मुनाफा भन्दा सेवामा विशेष ध्यान दिनु पर्छ भन्ने हालसालैका सहकारी निर्देशनहरूले उजागर गरेको छ । अव देखि सहकारी क्षेत्र कर्जाको ब्याज दर सन्दर्भ ब्याज १३% कायम गरिएको छ । यसले नयाँ ऋणी सदस्यहरूलाई धेरै राहत पुगेको छ तर यस संस्थाले विगतका समयमा नै १२% मा लगानी गरि रहेको छ ।

यस संस्थाले वित्तिय लक्ष्य २०८५ बनाएको छ लक्ष्य अनुसार योजना बनाई निरन्तर कार्य गरिरहेको छ ।

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

संस्थाको वित्तिय लक्ष्य २०८५

शिर्षक	२०८२ असार	२०८५ असार
शेयर पूंजी	१५४८८०००।००	३०,०००,०००।००
जगेडा तथा अन्य कोष	७७१७६०६।९६	४,०००,०००।००
निक्षेप दायित्व	१९२०७८६२९।००	२८,०००,००००।००
कर्जा लगानी	१५८४८८७९८।००	३,०००,००००।००
कुल कारोवार (वासलात)	२१७३४०९३९।००	३,५००,००००।००

अब म आ.व. २०८३/८४ को लागि प्रक्षेपित कार्यक्रम तथा बजेट यहाँहरूमा प्रस्तुत गर्न चाहान्छु ।

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

बजेट २०८३/८४

आम्दानी

क्र.स.	विवरण	अनुमानित २०८२/२०८३	वास्तविक २०८२/२०८३	अनुमानित २०८३/२०८४
१	सेवा शुल्क	११,००,०००।००	८,७८,१८६।००	९,००,०००।००
२	ऋणमा ब्याज	२,३०,००,०००।००	२,०८,०८,५७९।००	२,३७,००,०००।००
३	बैक ब्याज	९,००,०००।००	०।००	४,००,०००।००
४	संरक्षित पुँजि फिर्ता	०।००	०।००	०।००
५	शेयर लाभांस	०।००	०।००	०।००
	जम्मा	२,५०,००,०००।००	२,१६,८६,७६५।००	२,५०,००,०००।००

ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.

खर्च

क्र.स.	विवरण	अनुमानित २०८२/२०८३	वास्तविक २०८२/२०८३	अनुमानित २०८३/२०८४
१	कर्मचारी तलब तथा अन्य खर्च	२०,३६,०००।००	२१,८८,९२६।००	२२,२०,०००।००
२	कर्मचारी संचय कोष खर्च	१,७४,०००।००	३,१७,७६०।००	३,४३,८७२।००
३	कर्मचारी उपदान कोष	१,४५,०००।००	१,४५,०००।००	१,६०,०००।००
४	घर भाडा खर्च	२,८०,५००।००	२,८०,५००।००	२,८०,५००।००
५	टेलिफोन शुल्क तथा मोवाई रिचार्ज	३०,०००।००	२१,६००।००	२५,०००।००
६	छपाई, मसलन्द खर्च	१,१०,०००।००	६९,०२५।००	१,७०,०००।००
७	ले.प.शुल्क खर्च	४५,२००।००	४५,२००।००	४५,२००।००
८	ब्याज खर्च	१,६०,००,०००।००	१,५८,५७,१११।००	१,६३,००,०००।००
९	मर्मत खर्च	३०,०००।००	१८,६९०।००	२०,०००।००
१०	वार्षिक साधारणसभा खर्च	४,००,०००।००	२,२०,२५०।००	३,५०,०००।००
११	चिया खाजा तथा अतिथि सत्कार	८५,०००।००	१,०७,३६९।००	८५,०००।००
१२	जन्म दिनको केक खर्च	१५,०००।००	१७,६००।००	१८,०००।००
१३	बिज्ञापन खर्च	३,०००।००	०।००	३,०००।००
१४	ह्रास कट्टी	१,७०,०००।००	९५,३५४।००	१,००,०००।००
१५	बिबिध खर्च	३०,०००।००	३५,७६४।००	३०,०००।००
१६	बिजुली महशुल खर्च	२०,०००।००	१३,०००।००	१५,०००।००
१७	यातायात खर्च	५५,०००।००	३६,९२७।००	४०,०००।००
१८	नविकरण खर्च (सदस्य, सफ्टवेयर, मोवाईल बैकिग)	१,३०,०००।००	१,१५,२९२।००	१,१५,०००।००
१९	पत्रपत्रिका खर्च	६,०००।००	६,०००।००	६,०००।००
२०	बैठक भत्ता खर्च	३,१०,०००।००	२,८२,०००।००	२,५०,०००।००
२१	कार्यालय सामान खर्च	०।००	०।००	५०,०००।००
२२	विद्यार्थी छात्रवृत्ति तथा अन्य कार्यक्रम	२०,०००।००	०।००	०।००

२३	संचार (इन्टरनेट,एस एम एस, वेभ साइत)	४९,३००।००	३६,७५५।००	४४,३१७।००
२४	कर्जा नोक्सानी खर्च	६,५०,०००।००	१८,३६,७६७।००	२०,००,०००।००
२५	स्वास्थ्य सामाग्री खर्च	३,०००।००	४,३००।००	५,०००।००
२६	सहकारी बैकको कर्जामा ब्याज	०।००	०।००	०।००
२७	वीमा (कार्यालय तथा सदस्य)	३,३०,०००।००	३,०३,४९५।००	३,००,०००।००
२८	सदस्य सुविधा कार्यक्रम	२,००,०००।००	०।००	०।००
२९	जेष्ठ नागरिक सम्मान खर्च	०।००	०।००	०।००
३०	सरसफाई तथा पानी खर्च	३,०००।००	६,२३५।००	३,०००।००
३१	संस्था वार्षिक उत्सव खर्च तथा सहकारी दिवस	७०,०००।००	५०,०००।००	१०,०००।००
३२	सहयोग	०।००	०।००	११,१११।००
३३	बचत	३६,००,०००।००	१५,५७,१८८।००	२०,००,०००।००
जम्मा		२,५०,००,०००।००	२,३६,६८,१०८।००	२,५०,००,०००।००

यस साधारणसभामा पेश गरिएका आयव्यय माथि छलफल गरि पारित गरि दिनु हुन अनुरोध गर्दछु । अन्तमा फेरि पनि सबै उपस्थित अतिथि वर्ग, शेयर सदस्यहरू, संचालक समितिका सदस्यहरू तथा अन्य विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

धन्यवाद ! जय सहकारी !

मोहित देशार
ब्यवस्थापक
ज्योतिदय साकोस
२०८३ असोज १७ गते शनिवार

टिपोट :

कर्मचारी



मोहित देशार
व्यवस्थापक



सानुदेवी माली
कार्यालय सहायक



अर्चना देशार
कार्यालय सहायक



रुकु देशार
महिला समूह संचालिका



अनु शुद्धकार
बजार प्रतिनिधि



सलिना देशार
बजार प्रतिनिधि



प्रतिमा श्रेष्ठ
कार्यालय सहयोगी

सहकारीका हालसम्मका गतिविधिहरू



३३ औं स्थापना दिवस उद्घाटन



३३ औं स्थापना दिवस कार्यक्रम



३३ औं स्थापना दिवस कार्यक्रम



३३ औं स्थापना दिवस कार्यक्रम



३२ औं साधारण सभामा सहभागी सदस्यहरू



३२ औं साधारण सभामा सदस्यहरुको स्टल



३२ औं साधारण सभामा नि:शुल्क स्वास्थ्य शिविर



३२ औं साधारण सभामा सदस्यहरुको स्टल



३२ औं साधारण सभा उद्घाटन



३२ औं साधारणसभाको अतिथिलाई मायाको चिनो प्रदान गर्दै अध्यक्ष



३२ औं साधारणसभा



३२ औं साधारणसभामा छलफल

मजदुर बचत तथा ऋण सहकारी संस्था लि., बागबजार, ५२६५६२१, ९८४७३७९५७२